# सिन्धुली जिल्लाको अरुणठाकुर गाउँको सुनुवार समुदायमा महिला हिंसाको एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय

समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह

समाजशास्त्र विषयको आंशिक आवश्यकता

परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र

२०१२

शोधार्थीः
सान्तोना सुनुवार
स्नातकोत्तर तह दोस्रो बर्ष
रोल नं : ५४
टी.यू.रजिष्ट्रेशन नं : ८-२-२३३-५३-२००४

समाजशास्त्र/मानवशास्त्र विभाग

सिन्धुली बहुमुखी क्याम्पस,

दुङ्ग्रेवास

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र/मानवशास्त्र विभाग**

**सिन्धुली बहुमुखी क्याम्पस**

**ढुङ्ग्रेवास**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा सान्तोना सुनुवारले **"सिन्धुली जिल्लाको अरुणठाकुर गाउँको सुनुवार समुदायमा महिला हिंसाको एक समाजशास्त्रीय अध्ययन "** विषयक शोधपत्र तयार गर्नुभएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र उहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दै मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...........................................

प्रविण हायू

*(शोध निर्देशक)*

*समाजशास्त्र/मानवशास्त्र विभाग*

*सिन्धुली बहुमुखी क्याम्पस*

*ढुङ्ग्रेवास*

मिति : २०१२/११/३०

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र/मानवशास्त्र विभाग**

**सिन्धुली बहुमुखी क्याम्पस**

**ढुङ्ग्रेवास**

## स्विकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय समाजशास्त्र/मानवशास्त्र विभागअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तह पूरा गर्ने प्रयोजनका लागि सान्तोना सुनुवारले तयार गर्नुभएको **"सिन्धुली जिल्लाको अरुणठाकुर गाउँको सुनुवार समुदायमा महिला हिंसाको एक समाजशास्त्रीय अध्ययन "** विषयक शोधपत्र आवश्यक मूल्याङ्कनका लागि स्विकृत गर्दछौ ।

**<u>मूल्याङ्कन समिति</u>**

प्रविण हायू ..........................................

*शोध निर्देशक*

टीकाबहादुर थापा ..........................................

*बाह्य परिक्षक*

टीकाबहादुर थापा .........................................

*विभागीय प्रमुख*

मिति : २०१२/१२/१०

# कृतज्ञता ज्ञापन

"महिला र घरेलु हिंसा" को बारे केही जानकारी प्राप्त गर्ने उद्देश्यले मैले सिन्धुली जिल्लाको अरुण ठाकुर गाविस वार्ड नं २ मा रहेका अति सिमान्तकृत आदिवासी जनजातिको सूचीमा सूचीकृत सुनुवार जातिलाई अध्ययनको केन्द्रविन्दु बनाएर यो शोधपत्र तयार गरेकी छु । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सकेसम्म मेहेनत गरेको भए पनि यो मेरो पहिलो अनुसन्धान कार्य भएकोले केही कुराहरु छुटेको वा नपुग हुनसक्छ जसको लागि म क्षमाप्रार्थी छु । यो शोधपत्र तयार गर्नका लागि समयमा नै आवश्यक व्यवस्था मिलाई दिनुहुने समाजशास्त्र तथा मानवशास्त्र विभागका विभागीय प्रमुख टीकाबहादुर थापा ज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आफ्नो व्यस्तताको बाबजुद पनि सुरुदेखि अन्त्यसम्म प्रशस्त सर-सल्लाह, सुझाव र मार्गदर्शन दिनुहुने आदरणीय शोध निर्देशक श्री प्रविण हायू ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आफ्नो अमूल्य समयको वास्ता नगरी अनुसन्धान कार्यलाई सफल पार्न आफ्ना अनुभव तथा विचारहरु दिएर सहयोग गर्नु हुने यस सिन्धुली जिल्लाको अरुण ठाकुर गाविसका स्थानीय सुनुवार जातिका महिलाहरुप्रति आभार व्यक्त गर्दछु । उक्त गाविसमा रहेको विभिन्न संघसंस्थाका प्रतिनिधि, बुद्धिजिवि वर्ग, विद्यालय शिक्षक/शिक्षिका, गाविस प्रतिनिधि एवं शोधपत्र लेखनको कार्यमा आफ्नो प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याएर सहयोग गरिदिनु हुने सहपाठी साथीहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस शोधपत्रका लागि आवश्यक पर्ने पुस्तक, लेख, पत्रपत्रिका उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने लेखक तथा पुस्तकालयहरु साथै विभिन्न सूचना उपलब्ध गराई सहयोग पुऱ्याउने अरुण ठाकुर गाविसको कार्यालय र राष्ट्रिय महिला आयोगलाई पनि आभार व्यक्त गर्दछु ।

शोधार्थी
सान्तोना सुनुवार
२०१२ (वि.स.२०६९)

# विषयसूची


सिफारिस पत्र

स्वीकृतिपत्र

कृतज्ञताज्ञापन

तालिका सूची

**अध्याय-एक परिचय** **१-९**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अनुसन्धानको उद्देश्य ६

१.४ अध्ययनको महत्व ६

१.५ अवधाराणत्मक ढाँचा ७

१.६ अध्ययनको संगठन ९

**अध्याय-दुई साहित्यको पुनरावलोकन** **१०-२०**

२.१ सैद्धान्तिक दृष्टिकोण १०

२.२ नेपालमा महिला हिंसासम्बन्धी पूर्व अध्ययनको समिक्षा १४

**अध्याय-तीन अनुसन्धान पद्धति** **२१-२४**

३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य २१

३.२ अनुसन्धान ढाँचा २२

३.३ समग्रता र नमूना छनौट २२

३.४ तथ्याङ्कहरूको स्रोत तथा प्रकृति २२

३.५ तथ्याङ्क सङ्कलन विधि २३

३.५.१ प्रश्नावली सूची २३

३.५.२ अवलोकन २३

३.५.३ प्रमुख जानकार व्यक्तिहरुसँगको अन्तर्वार्ता २४

३.६ अध्ययनको सीमा २४

३.७ तथ्याङ्कहरुको विश्लेषण र प्रस्तुतिकरण २५

**अध्याय-चार अध्ययन क्षेत्रको सामान्य परिचय २६-४२**

४.१ अरुण ठाकुर गाविसको नामाकरण र भौगोलिक अवस्थिति २६

४.२ गाविसको सामाजिक तथा आर्थिक जनजीवन २७

४.३ घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरु २९

४.३.१ घरधुरी जनसंख्याको उमेर र लैंगिक संरचना २९

४.३.२ परिवारको किसीम ३१

४.३.३ घरधुरी जनसंख्याको वैवाहिक स्थिति ३१

४.३.४ घरधुरी जनसंख्याको शैक्षिक अवस्था ३२

४.३.५ घरधुरी जनसंख्याको पेशागत विवरण ३४

४.४ उत्तरदाताहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विशेषताहरु ३७

४.४.१ घरधुरी उत्तरदाताहरुको उमेर ३८

४.४.२ उत्तरदाताहरुको शैक्षिक अवस्था ३९

४.४.३ आर्थिक अवस्था ४०

**अध्याय-पाँच महिलाले भोगेका हिंसा, हिंसाका प्रकार र त्यसका कारणहरु ४३-५१**

५.१ महिला हिंसामाथि उत्तरदाताहरुको धारणा ४३

५.२ हिंसाका प्रकारहरू ४४

५.३ महिलामाथिका हिंसा हुनुका कारणहरू ४६

५.४ महिलाहरुले हिंसा सहनुका कारण ४९

**अध्याय-छ सारांश तथा निष्कर्ष** **५२-५६**
६.१ सारांश ५१
६.२ निष्कर्ष ५५

**सन्दर्भसामग्री** **५७**
**अनुसूचीहरु**

# तालिका सूची


तालिका ४.१ : उमेर र लिंगको आधारमा सुनुवार घरधुरी जनसंख्या वितरण २९

तालिका ४.२: सुनुवार समुदायका घरधुरी उत्तरदाताहरुको पारिवारिक संरचना ३०

तालिका ४.३: घरधुरी जनसंख्याको विवाहिक स्थितिको वितरण ३२

तालिका ४.४: सुनुवार घरधुरी जनसंख्याको शैक्षिक अवस्था ३३

तालिका ४.५: सुनुवार समुदायका घरधुरी जनसंख्याको पेशागत विवरण ३४

तालिका ४.६ : सुनुवार समुदायका घरधुरीहरुसँग भएको जग्गाजमिनको स्थिति ३६

तालिका ४.७ : घरधुरी जनसंख्यालाई वार्षिक खाद्यान्नको पर्याप्तता ३७

तालिका ४.८ : उत्तरदाताहरुको उमेरगत विवरण ३८

तालिका ४.९ : उत्तरदाताहरुको वैवाहिक उमेर ३९

तालिका ४.१० : उत्तरदाताको शैक्षिक विवरण ४०

तालिका ४.११: उत्तरदाताहरुको पेशागत विवरण ४१

तालिका ४.१२: उत्तरदाताहरुको स्वामित्वमा रहेको जग्गाजमिनको परिमाण ४२

तालिका ५.१ सुनुवार महिलामाथि हुने हिंसाको प्रकार त्यसबाट प्रताडित हुनेहरुको विवरण ४५

तालिका ५.२ सुनुवार महिलामाथि हिंसा हुनुका प्रमुख कारणहरु र त्यसबाट प्रताडितहरुको अवस्था४६

तालिका ५.३ सुनुवार महिलाहरुले हिंसा सहेर बस्नुको मुख्य कारणहरु ४९

## अध्याय-एक

# परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

हिंसा भन्नाले सामान्यतया कुनै एकले अर्काको इच्छा विपरीत गरिने शारीरिक, मानसिक र यौनजन्य व्यवहार वा यातना हो । हिंसा जुनसुकै बेला जहाँ पनि र जो कसै विरुद्ध जुनसुकै वर्गबाट हुने गर्दछ । गालीगलौज, कुटपिट, झैझगडा, यातना, दुर्व्यवहार, आदि हिंसाका विभिन्न स्वरुपहरु हुन् जसले जुनसुकै तहको व्यक्ति, परिवार र समुदायहरुलाई भावनात्मक एवं गम्भीर चोट पुर्‍याउने कार्य गर्दछ । यस्ता हिंसाबाट खासगरी महिलाहरु बढी मात्रामा पिडीत हुने गरेको पाइन्छ । सामाजिक तथा आर्थिक संरचनाहरु पितृसतात्मक ढाँचामा भएको कारण उनीहरु आफ्नै परिवारका सदस्य तथा समाजबाट यस्ता विभिन्न खाले हिंसाका घटनाहरुबाट प्रताडित् हुने गरेका छन् ।

विश्व समुदायलगायत नेपाल पनि पितृसत्तात्मक समाजबाट अछुतो हुन सकेको छैन जुन कुरामा कसैको पनि दुई मत पाउन सकिँदैन । जहाँ महिलाको भन्दा पुरुषको हैसियत हरेक क्षेत्र (सामाजिक-सांस्कृतिक, आर्थिक, राजनैतिक, धार्मिक, वैचारिक क्षेत्रमा किन नहोस्) मा उच्च रहेको पाइन्छ । यहाँ महिलाहरूको स्थान दोस्रो दर्जामा रहेको पाइएको छ, यो कुरा सर्वविदितै छ । महिलाहरू आफूले पाउने सम्पूर्ण अधिकारबाट वञ्चित रहेका छन् । विश्वका आधा आकाश र आधा धर्ती ओगटेका महिलाहरू विरुद्ध विभिन्न किसिमका हिंसाहरू भएको पाइन्छ । यी हिंसाहरूले गर्दा महिलाको अवस्था निकै जर्जर र दुःखप्रद एवं पिडादायी अवस्थामा गुज्रिरहेको छ ।

वर्तमान विश्व एक्काइसौं शताब्दीमा प्रवेश गरिसक्दा पनि महिलाहरू घरयासी एवं बाह्य हिंसाबाट पीडित छन् । महिला विरुद्ध हुने हिंसाका स्वारुपहरु कतिपय ठाउँमा नयाँ-नयाँ र जटिल अभ्यासभित्र लुकेर अदृश्यरुपमा रहेका हुन्छन् र त्यस्ता हिंसाहरू अचानक कुनै समयमा दृष्टिगोचर हुन आउँछन् । महिलामाथि हुने घरेलु हिंसा भन्नाले घरभित्र हुने कुनै पनि प्रकारका लैगिक हिंसा भन्ने बुझिन्छ जस्अन्तर्गत शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यबहारलाई लिन सकिन्छ । जसमा कुट्नु, पिट्न,

चड्काउनु, हातहतियार तथा कुनै बस्तुले हिर्काउनु, पाखुरा निमोठ्नु, संवेदनशील अंगमा हात हाल्नु, टोक्नु वा अन्य कुनै शारिरीक यातना दिनु, घाइते पार्नु, सम्पत्तिमा क्षति पुर्याउनु, खानलाउन नदिनु, साथीभाई आफन्तसँग भेट्न नदिनु वा जुनसुकै अवस्थामा बेवास्ता गर्नु आदि भन्ने बुझिन्छ (UNICEF, 2001) ।

नेपाली समाजको सामाजिक संरचनालाई अध्ययन गर्ने हो भने महिलाहरूको हैसियत हरेक क्षेत्रमा पुरुषको तुलनामा न्यून रहेको छ । कूल जनसङ्ख्याको ५०.०४ प्रतिशत हिस्सा ओगटेका महिलाहरू समाज र राज्यका हरेक क्षेत्रमा उनीहरूको उपस्थिति न्यून छ (CBS, 2001) । अहिले पनि नेपाली ग्रामीण समाजमा छोरी दायित्व हो, नासो हो, ऊ विवाहपछि अरुको घरमा जान्छे भन्ने मानसिकता कायम रहेको कारण उनीहरुमाथि दुर्व्यवहारहरु हुने गर्दछ । त्यसैले छोरीको पठनपाठनमा छोराको जति महत्व नदिनु पनि एक प्रकारको सामाजिक भेदभावपूर्ण हिंसाका व्यवहार हुन् । जबसम्म छोराछोरी दुवै बराबरी हुन् भन्ने मानसिकता व्यवहारमा विकास हुदैन तबसम्म महिलाहरू घरेलु हिंसाजन्य रोगबाट पिडीत भईरहने र उनीहरु सामाजिक-सांस्कृतिक, आर्थिक र शैक्षिक क्षेत्रमा पछाडि परिरहने निश्चितप्राय छ ।

नेपाली महिला एवं वालिकाहरू घरेलु हिंसाका साथै सार्वजनिक हिंसाको जोखिममा पर्दछन् । घरेलु हिंसा भौतिकजन्य दुर्व्यवहार प्रष्टसँग देखिने हुन्छ भने मानसिक यातना (भय, त्रास, गालीगलोज, बेवास्ता) लोग्ने वा उसका नातेदारबाट हुने गर्दछ । त्यसैगरी उनीहरूको सानै उमेरमा विवाह, दाइजोसँग सम्वन्धित हिंसा, घरमा यौनशोषण, मादक पदार्थको सेवन पश्चात गरिने दुर्व्यवहार एवं झैझगडा, बहुविवाह, वैवाहिक बलत्कार, आदिवाट हिंसा हुने गरेको पाइन्छ । सार्वजनिक क्षेत्रमा हुने लैङ्गिक हिंसामा बलत्कार, यौन शोषण तथा कार्य क्षेत्रमा गरिने यौनजन्य दुर्व्यवहार, महिला तथा बालवालिका बेचविखन र परम्परागत विभेदपुर्ण सामाजिक प्रचलनहरू जस्तै दाइजोका लागि रकम भुक्तानी, देउकी, बोक्सी, छाउपडी प्रथाहरू आदि हुन् । सन् १९९३ को विश्व बैङ्कको तथ्याङ्क अनुसार २० प्रतिशत महिलाहरू जुन पुरुषसँग बसेका छन् उनै पुरुषबाट नै महिलामाथि अनुचित व्यवहार र दुर्व्यवहार भएको देखाएको छ । त्यस्तै महिलाहरूमाथिको हिंसा बाहिरी पक्षबाट मात्र नभई आफ्नै

घरभित्रका सदस्यहरूबाट पनि हुने गरेको पाइन्छ । नेपालको सन्दर्भमा महिलाहरू महिलाबाटै पनि हिंसाको शिकार भएको पनि पाइएको छ ।

बहुजाति, बहुधार्मिक, बहुसांस्कृतिक तथा अखण्ड मुलुकको रुपमा हाम्रो देश नेपाल परिचित रहेता पनि यहाँ महिलालाई हेर्ने दृष्टिकोण फरक रहेको छ । नेपालमा बसोबास गर्ने जातजातिहरुमध्ये सुनुवार पनि एक प्रमुख जाति हो । आफ्नो मातृभाषामा यो सम्प्रदायका जातिहरु आफूलाई किराँती-कोँइच भन्दछन् (रापचा, २००९) । यो जाति नेपालको विभिन्न ठाउँहरुमा छरिएर रहेका छन् । सुनुवार जातिलाई नेपाल सरकारले आदिवासी जनजातिभित्र अति सिमान्तकृत आदिवासी जनजातिको मान्यता दिएको छ । मंगोल मूलका यी जातिहरुको आफ्नै मौलिक परम्परा एवं संस्कृतिहरु रहे पनि पितृसतात्मक परिवारको ढाँचामा विस्तारित भएको पाइन्छ । उनीहरुको दैनिक कार्यकलाप, जीवनयापन र सोच जे जति हुन्छ ती सबै 'मुग्दुम' द्वारा नै निर्देशित हुन्छन् र 'मुग्दुम' लाई बोनिज्म-एनिमिज्म (Bonism-animism) अन्तर्गत पौँइब-ग्यामी, *न्हाःसो* र अंग्रजहरुले युगयुगान्तर मूलतः वकितम (Spoken) रुपमा नै पुस्तान्तरण गर्दै आएका छन् (लुगुन, कातिचा, मुखिया, रापचा, २०६८) । सुनुवार समुदायमा महिलाहरुको स्थान पुरुषको भन्दा खासै फरक नभएता पनि महिलामाथि भेदभाव हुने गरेको भने पाउन सकिन्छ । परम्परागतरुपमा घरैमा जाँडरक्सी बनाउने वा आफ्नो कूलपित्तृ देखि खेतीपती गर्दा समेत जाँडरक्सीको प्रयोग भइरहने हुनाले यसको अत्याधिक सेवनबाट सुनुवार महिलाहरु घरेलु हिंसाजन्य व्यवहारहरुबाट प्रताडित हुने गरेको छ ।

सिन्धुली जिल्लाको अरुणठाकुर गाविसमा पनि सुनुवार जातिको बसोबास रहेको छ । उक्त क्षेत्रमा बस्ने सुनुवार समुदायहरुले पनि आफ्नै मौलिक परम्परा एवं संस्कृतिलाई निरन्तरता दिदैं आएको पाइन्छ । अरुणठाकुर गाउँमा बसोबास गर्ने सुनुवार समुदायमा पनि महिलाहरुमाथि सामाजिक तथा आर्थिक कारणले हिंसाका घटनाहरु भएको र यस्ता घटनाहरु गाउँ र समाज हुदै छापाहरुमा समेत आउने गरेको पाइन्छ । यस्ता घटनाहरु खासगरी परिवारकै सदस्यहरुबाट हुने भएका कारण यस शोधपत्रले खोतल्ने प्रयास गरेको छ । अरुणठाकुर गाउँमा बसोबास गर्ने सुनुवार महिला विरुद्ध हुने घरेलु हिंसाका बारेमा चर्चा गर्ने प्रयास यो शोधमा गरिएको छ । सुनुवार जातिको घरपरिवारको सामाजिक तथा आर्थिक अवस्था, महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक तथा राजनैतिक पक्षहरुको यर्थाथता पत्ता

लगाउनुमा यस शोधपत्रको विशेष जोड रहेको छ । त्यसैगरी सुनुवार महिलामाथि हुने हिंसाका स्वरुप एवं प्रकार र हिंसा हुनुको कारणहरुको खोजी गर्ने प्रयास यस शोधले लिएको छ ।

## १.२ समस्याको कथन

महिला विरुद्धको हिंसा मानव विरुद्धको हिंसा हो । यस्तो हिंसाको विरोध गरौं, दण्डहीनताको अन्त गरौं भनेर आवाज उठाउन थालेको धेरै समय भइसकेको छ । विश्व भरिका महिलाहरूबीच हुने विभिन्न हिंसा तथा भेदभावहरू कसरी निर्मुल गर्न सकिन्छ भन्ने सम्बन्धमा विभिन्न समयमा विश्व महिला सम्मेलनहरू भइसकेका छन् । तर पनि यो समस्या कुनै एउटा देश र राष्ट्रमा मात्र सीमित नरही विश्वभरि नै मुख्य समस्याको रुपमा देखापरेको छ । नेपालमा विभिन्न धार्मिक संस्कार र परम्पराहरू नै महिला विरुद्धको हिंसाका प्रतिरुप हुन् । जस्तैः बोक्सीको आरोप लगाउने, बिरामी पर्दा डाक्टर नखोजेर धामी झाँक्री माथि विश्वास गर्ने, आइमाईलाई दोषारोपण गर्ने र पिट्ने कुट्ने आदि गर्ने गरेको पाइन्छ । बोक्सीको आरोपमा विभिन्न स्थानमा महिलाहरूमाथि अमानवीय कार्य हुने गरेको र हत्यासमेत हुने गरेका प्रशस्त घटनाहरु अरुणठाकुर गाविसमा पनि भएका छन् ।

त्यस्तै देउकी प्रथामा देउकी बन्ने महिलाले विवाह गर्न पाउँदिनन् र मन्दिरमै जीवन विताउनु पर्दछ । छाउपडी प्रथाका कारण महिलाहरु महिनावारी र गर्भावस्थाको समयमा अँध्यारो कोठा वा गाईवस्तुको गोठमा बस्नुपर्ने, अरुले नहेर्ने र नछुने चलन नेपाली समाजमा रहेको पाइन्छ । यहाँको परम्परागत मान्यता, अन्धविश्वास र रीतिरिवाजका कारण महिलाहरू सुत्केरी हुँदा ९-१० दिन र रजस्वला हुँदा पाँच दिनसम्म गोठमा बस्नुपर्ने प्रचलनका कारण कतिपय सुत्केरी महिलाहरुको ज्यानै गएको विभिन्न अध्ययनहरुले देखाइसकेको छ । महिलाहरू सुत्केरी र रजस्वला हुँदा घरभित्र राखेमा कुलदेवता रिसाउँछन् भन्ने मान्यताका कारण हालसम्म सो प्रथाको अन्त्य हुन नसकेको बताइएको छ । धर्मको आडमा वंश विस्तारका लागि छोरा नभई नहुने कुरुतीका कारण बहुविवाह गरिने परिपाटीले महिलाहरु सौताको भार खेप्न परेको छ । यस्ता यावत् सामाजिक तथा सांस्कृतिक संस्कारहरुले गर्दा महिलाहरु हिंसा सहेर बस्न बाध्य भएका छन् जुन अरुणठाकुर गाउँमा पनि अदृष्यरुपमा पाउन सकिन्छ ।

अर्कोतिर नेपाली समाज पित्तृसतात्मक पारिवारिक ढाँचामा भएको कारण महिलाहरु दोस्रो दर्जाको नागरिकको तहमा बस्न बाध्य हुनु परेको छ । जुनसुकै उमेर अवस्थाको भए पनि पुरुषको हकअधिकार महिलाको भन्दा बढी हुने हुनाले महिलाहरूले पैत्रिक सम्पत्तिमा हकदावी गर्न सक्दैनन् । जसले गर्दा महिलाहरुलाई केवल पुरुषको खेलौनाको रुपमा लिने गर्दछन् । अझ विवाहमा कम दाइजो ल्याएको निहुँमा परिवारमा झैझगडा हुने र परिणाम स्वरुप महिलाहरुको भविश्य नै अन्धकारमा पर्ने गरेको छ । तसर्थ आर्थिक दृष्टिकोणले पनि महिलाहरू पुरुषको भोग विलास र उपभोग्य वस्तुको साधनको रूपमा प्रयोग आएको र विभिन्न प्रकारका आर्थिक हिंसाहरु माहिलाले मात्र सहनु परेको अध्ययनहरुले देखाएको छ । जुन कुरा अरुणठाकुर गाउँमा रहेका सुनुवार महिलाहरुले पनि विगत देखि भोग्दै आएको छ ।

महिलामाथि हुने अर्को मुख्य हिंसा भनेको भ्रुण हत्या हो । किशोरावस्थामा महिलामाथि हुने गरेका हिंसाको रुपमा महिलाको मन्जुरी विना विवाह गरिदिने, अनमेल विवाह, शिक्षा, स्वास्थ्य, खानपान लगायत घरायसी काममा समेत महिलाप्रति भेदभावपूर्ण व्यवहार गरिन्छ । युवावस्थामा विवाह पश्चात गरिने हिंसा जस्तोः वैवाहिक बलात्कार, दाइजोका कारण हुने हिंसा, घरेलु हिंसा आदि हो भने गर्भावस्थामा गरिने भ्रुण हत्या, गर्भवती महिलाले पाउनु पर्ने उचित स्याहार संहार नपाउने आदि पर्दछन् । प्रौढावस्थामा उचित स्याहार तथा औषधी उपचारको अभाव र बच्चाको पालन पोषण नपाउने आदि कारणले गर्दा महिलाहरुले विक्षिप्त अवस्थामा जीवन गुजार्नु परेको छ । जथाभावी जाँडरक्सीको प्रयोग गर्नाले हरेक महिलाहरुको घरपरिवारहरुमा नकारात्मक असर परेको देखिन्छ । खासगरी यस्ता घटनाहरु शिक्षाको कमीका कारण देखापरेको विभिन्न अध्ययनहरुले उल्लेख गरेको छ । अरुणठाकुर गाउँमा पनि शैक्षिक विकासका कार्यक्रमहरुको कमी र परम्परागत रुपमा प्रयोग गरिने जाँडरक्सीको बढी प्रयोग र भ्रुण हत्या हुने गरेको घटना छापाहरुमा आएको पाइन्छ । यी विभिन्न खालका हिंसाजन्य व्यवहारहरु खासगरी महिलामाथि हुने गरेका कारण अरुणठाकुर गाउँका सुनुवार समुदायहरु पनि हिंसाजन्य व्यवहारहरु दिक्क छन् जुन यस शोधपत्रले उठान गरेको छ ।

वास्तवमा महिला हिंसा एक समस्याको रुपमा संसारभरी नै रहेको पाइएको छ । यसलाई शारीरिक यातनामात्र नमानी मानसिक, धार्मिक तथा कानूनीरुपमा भएका यातनालाई पनि हिंसाकै कोटीमा राखेर अध्ययन गरिनु पर्दछ । यस अध्ययनमा शोधकर्ताले सुनुवार जातिका महिलाहरुमा हुने घरेलु हिंसा र

हिंसा हुनुका मुख्य कारण उपरोक्त कुराहरुलाई समस्याको कथनको रुपमा लिई समाजशास्त्रीय ढंगले अध्ययन गर्न निम्न उल्लेखित अनुसन्धान प्रश्नावलीहरुको छनौट गरी अध्ययनमा विशेष जोड दिएको थियो । जुन यस प्रकार रहेको छ :

- घरेलु हिंसाबाट पीडित सुनुवार महिलाहरुमा कस्तो किसीमको सामाजिक-सांस्कतिक, आर्थिक तथा शैक्षिक पृष्ठभूमि रहेको छ ?
- सुनुवार महिलाहरूमाथि के कस्ता किसिमका घरेलु हिंसाहरु हुने गर्दछन् ?
- शिक्षित र अशिक्षित सुनुवार परिवारहरुमा हुने गरेका घरेलु हिंसामा हुने फरक के कस्ता छन् ?
- सुनुवार महिलाहरूले भोगिरहेका हिंसाका कारणहरू के के हुन् ?

## १.३ अनुसन्धानको उद्देश्य

यस अनुसन्धानको सामान्य उद्देश्य अरुणठाकुर गाउँमा बसोबास गर्ने सुनुवार जातिका महिलाहरुप्रति हुने गरेका घरेलु हिंसा र सो को कारणहरूको बारेमा अध्ययन गर्नु हो । र यस अध्ययनको विशिष्ट उदेश्यहरु निम्न छन् :

- सुनुवार जातिका महिलाहरूको सामाजिक तथा आर्थिक पक्षहरुको विश्लेषण गर्दै उनीहरुमाथि हुने विभिन्न प्रकारका घरेलु हिंसाहरुलाई पत्ता लगाउनु, र
- सुनुवार महिलाहरूमा हुने घरेलु हिंसाको मुख्य कारणहरु पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

महिलाहरुलाई मानसिक एवं शारीरिक रुपमा कमजोर मानिन्छ । त्यसमाथि पनि धर्म र संस्कारजन्य व्यवहारहरु उनीहरूको पक्षमा न्यायसङ्गत छैन । पितृसतात्मक मूल्य मान्यता एवं सामाजिक संरचनाले गर्दा महिला अघि बढ्न सकेका छैनन् । वर्तमान समाज विगतको तुलनामा निकै पृथक एवं परिष्कृत भइसकेको सन्दर्भमा पनि दुःखको कुरा यो छ कि महिलालाई हेरिने सामाजिक दृष्टिकोणमा भने परिवर्तन आउन सकेको छैन । यसैले आधा आकाश ओगटेका महिला वर्गको उत्थान अनुसनधान र

विकास विना सम्भव छैन । त्यसैले पनि महिला वर्गलाई शिक्षित एवं जागरुक बनाउनु अति आवश्यक भइसकेको अवस्थामा पनि उनीहरूप्रति गरिने हिंसात्मक व्यवहारका कारण उनीहरूको सामाजिक अवस्थामा परिवर्तन हुन नसकेको देखिन्छ ।

यस अध्ययनको महत्वलाई निम्न बुँदाहरूमा प्रष्ट्याउन सकिन्छ -

- अध्ययन क्षेत्रका सुनुवार महिलाहरूको सामाजिक, आर्थिक, शैक्षिक पक्षको स्थिति थाहा पाउनुका साथै महिलाहरू कसरी घरेलु हिंसाबाट पीडित छन् भन्ने कुरा थाहा पाउन यो अध्ययनले सहयोग गर्नेछ ।
- यो अध्ययनबाट सुनुवार जातिका महिलाहरू सम्बन्धी अध्ययन अनुसन्धानमा चासो राख्ने स्वदेशी, विदेशी अनुसन्धान कर्ताहरूलाई बुझ्न सहयोग हुनेछ ।
- यस अध्ययनबाट घरेलु हिंसा पीडित सुनुवार महिलाहरूको शारीरिक तथा मानसिक व्यवहार एवं उनीहरुले भोगेका यातनाहरुको बारेमा जानकारी प्राप्त हुनेछ ।
- यस अध्ययनको निचोडलाई घरेलु हिंसा पीडित समग्र महिलाहरूको बारेमा बुझ्न चाहने व्यक्ति, संस्था, योजनाकर्ता आदिले सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न सक्नेछन् ।

## १.५ अवधारणात्मक ढाँचा

यस अध्ययनमा महिलाहरूले भोग्नु परेका विभिन्न प्रकृतिका हिंसालाई विभिन्न सैद्धान्तिक ढाँचामा राखेर अध्ययन गर्न सकिन्छ । खासगरी यो अध्ययनमा महिला हिंसा हुनुमा समाजका सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक कारणहरु जिम्मेवार देखिए पनि मुख्यगरी लैंगिक दृष्टिकोण (Gender Perspective) नै बढी जिम्मेवार रहेको अनुसन्धानकर्ताको ठहर छ । समाजमा पुरुषभन्दा महिला नै बढीजसो विभिन्न खाले हिंसा एवं भेदभावजन्य व्यवहारहरुबाट प्रताडित् रहेको पाइन्छ । समाजले नै महिला र पुरुषको बीचमा भेदभाव सृजना गरेको कारण निर्णय प्रक्रिया र श्रमविभाजनका कारण महिलामाथि, कुटपिट, गालीगलौज, दुर्व्यवहार, बहुविवाह, अत्याधिक श्रम शोषण आदि प्रकारका हिंसाजन्य घटनाहरु हुने गर्दछ । त्यसैकारण पनि यो अध्ययनको अवधारणागत पक्षलाई अनुसनधानकर्ताले लैंगिक पक्षबाट नियाल्ने प्रयास गरेको छ ।

चित्र : सुनुवार महिलाहरुमाथि हुने घरेलु हिंसाको लैंगिक अवधारणगत ढाँचा

**हिंसाका स्वरुप एवं प्रकारहरु:**

- गालीगलौज
- पारिवारिक झै-झगडा एवं कुटपिट
- यौन दुर्व्यवहार एवं यौन शोषण
- परिवारमा खानलाउन नदिने
- घरबाट निकालिदिने
- जबरजस्ती विवाह
- असमान व्यवहार र मानसिक यातना

**हिंसा हुनुका कारणहरु:**

**१. सामाजिक तथा सांस्कृतिक कारण**

- छोरीप्रति हेर्ने दृष्टिकोण फरक
- बोक्सी र टोकुवाको लाल्छना
- असहाय र निर्वलको संज्ञा दिनु
- काजक्रिया गर्न रोक्नु

**२. आर्थिक कारण**

- अनुत्पादक क्षेत्रमा महिलाहरूलाई सीमित गर्नु
- भू:स्वामित्व पुरुषमा मात्र नियन्त्रण रहनु, असमान ज्याला
- पैत्रिक सम्पतिमा पुरुषको नियन्त्रण
- आर्थिक क्रियाकलापमा रोक र निर्णय प्रकृयामा महिलाको सहभागिता नगराउनु

**३. शैक्षिक कारण**

- छोरीलाई ढिलो विद्यालय भर्ना गराउने
- महिलालाई घरायसी कार्यमा जोड दिनु
- छिटो विवाहको लागि दवाव दिनु र प्रतिभा विकासमा सहयोग नगर्नु

**महिला हिंसा**

## १.६ अध्ययनको सँगठन

अध्ययनबाट संकलित तथ्यांकहरूको विवरणलाई सँगठितरूपले प्रस्तुत गरिएको छ । त्यसलाई जम्मा छवटा अध्यायमा बर्गिकरण गरिएको छ । जस्तै पहिलो अध्यायमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, महत्व तथा अध्ययनको सिमालाई लिपीबद्ध गरिएको छ । त्यसैगरी पूर्व साहित्यको पुनरावलोकनलाई दोस्रो अध्यायमा प्रस्तुत गरिएको छ भने अनुसन्धान गर्दा अध्ययन क्षेत्रमा अपनाइएका योजना तथा विधिहरुलाई तेस्रो अध्यायमा प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रको भौगोलिक पर्यावरणीय स्थितिलाई चौथो अध्यायमा गरिनुका साथै घरधुरी उत्तरदाताहरुको सामाजिक-आर्थिक अवस्था तथा उत्तरदाता महिलाहरुको सामाजिक तथा आर्थिक चारित्रिक विशेषताहरुलाई समेत सोही अध्ययमा प्रस्तुत गरिएको छ । पाँचौ अध्ययमा भने अध्ययनको मुख्य विषयवस्तुमा केन्द्रीत रही सुनुवार महिलामाथि हुने महिला हिंसाको बारेमा उत्तरदाताहरुको धारणा, हिंसाको प्रकार र हिंसा हुनुका मुख्य कारणहरुको बारेमा भएको खोज विश्लेषणलाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ । अन्तिम अर्थात् छैटौ अध्यायमा भने अध्ययनको समग्र स्वरुपको संक्षिप्त विवरण तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## अध्याय-दुई

# पूर्व साहित्यको पुनरावलोकन

### २.१ सैद्धान्तिक दृष्टिकोण

विज्ञानकै कारण आज महिलाहरूको पेटमा रहेको बच्चाको लिङ्ग (Sex) छुट्याई वाहिर निकाल्न सकिन्छ । परिणामस्वरूप छोरीको भ्रुण हत्याका घटना व्यापक बनेका छन् । आज विज्ञानको विकासको साथसाथै विनासका सम्भावनाहरू पनि विकसित हुँदै गईरहेको सन्दर्भमा महिलावादी (Feminist) हरू वढी चिन्तित देखिन्छन । विज्ञानले वातावरणमाथि पारेका नकारात्मक प्रभावको परिणामस्वरूप महिलाहरू बढी प्रभावित बनेको तथ्यलाई महिलावादीहरूले अगाडि सारेका छन् । समकालिन महिलावादी सिद्धान्तहरूमाः-उदार महिलावादी (Liberal Feminism) मार्क्सवादी महिलावादी (Marxist Feminism), आमूल महिलावाद (Radical Feminism), समाजवादी महिलावाद (Socialist Feminism), मनोविश्लेषक महिलावाद (Psycho Analytic Feminism) आदि प्रचलनमा रहेका छन् ।

विश्वव्यापी रुपमा लैङ्गिक असमानता भएको पाइन्छ । 'Gender' भन्नासाथ सामाजिक, साँस्कृतिक रुपले निर्माण भएको अवधारणा हो । र हरेक समाजमा महिला पुरुषले निर्वाह गर्नुपर्ने भूमिका फरक-फरक निर्धारण गरिएको हुन्छ । समाजद्वारा निर्मित सामाजिक लिङ्ग जन्मजात विभेद भएर आएको होइन महिलालाई अधीनस्थ गराउने पितृसतात्मक सामाजिक संरचनाको सोच हो (Bhasin, 1993) ।

लिङ्गमा आधारित श्रम विभाजनमा पुरुषहरु शारीरिकरुपमा बलियो हुने हुनाले उनीहरु घरवाहिरको काम गर्ने, शिकार गर्ने, गाइवस्तु चराउने, माछा मार्ने, जस्ता कार्यहरु गर्ने र महिलाले घरभित्र परिवारको रक्षा गर्ने कृषि कार्य गर्ने र जीविकोपार्जनको लागि पुरुषको तुलनामा बढी योगदान दिन सक्दछन् (Bhasin, 1993) । मार्क्सवादी बीचारधारामा लागेका समाजशास्त्रीका अनुसार सम्पत्ति नै समाजमा असमानता सृजना गर्ने स्रोत हो । उत्पादन व्यवस्था वा प्रणालीको विकास संगै सामाजिक सांस्कृतिक प्रणालीमा त्यसको प्रभाव पर्दछ । निजी सम्पत्तिको विकास संगै उत्पादन व्यवस्थामा पुरुषका सहयोगीका रुपमा महिलालाई लिँदै अझ अगाडि भनिएको छ सम्पत्तिको निरन्तर हस्तान्तरण र

सम्वर्द्धनकालागि छोरा जन्माउने वस्तुका रुपमा पनि महिलालाई लिन थालियो । महिलाहरु घरभित्रकै धन्दामा सीमित गरिए, यात कमसल कार्य वा कम ज्यालामा लगाइए । यसलाई बलियो बनाउने कार्य समाजमा रहेको पितृसत्ताले गऱ्यो (एंगेल्स, १९८६) ।

शेरा तामाङ्ग (१९९९) ले सेडाबाट प्रकाशित मिना आचार्य र बेनेटको "The Status of Women in Nepal" को टिप्पणी गर्दै नेपाली महिला परिवारभित्र रहन वाध्य छन । आर्थिक पहुँच छैन निर्णयप्रक्रियामा समान सहभागी छैनन् र हरेक क्षेत्रमा पितृसत्ताले हस्तक्षेप गरेको छ भनि सम्पूर्ण सामाजिक संरचनालाई एकात्मक रुपले अध्ययन गरिएको छ भन्दै उनले अगाडि भनेकी छिन्, नेपाली समाजमा विविधता छ यहाँ विभिन्न जात-जाति, वर्ग, धर्म, उमेर अनुसार महिलाको भूमिका फरक छ । यसमा हाम्रो जातीय विविधता अनुसार परम्परा र अन्धविश्वासले पनि पभाव पारेको हुन्छ । त्यसैले सवैलाई एकरुपतामा राखी सामान्यीकरण गर्नु हुदैंन । जस्तै : उदाहरणको लागि हिमाली क्षेत्रका उद्यमशील शेर्पा महिला मध्यम वर्गीय पहाडी ब्राह्मण महिलाबीचको लैङ्गिक सम्बन्ध फरक छ किनकी हिन्दू मान्यता अनुसार वाहुन महिलालाई प्रजनन् शुद्धता र घरबाहीर घुमफिर गर्ने स्वतन्त्रतामा बन्देज लगाइएको हुन्छ भने शेर्पा महिला बजारमुखी अर्थतन्त्रमा सक्रिय भएर लागेका हुन्छन् ।

यिनै सैद्धान्तिक कुराहरूलाई आधार मानेर विभिन्न वैचारिक र रणनैतिक पक्षका साथ महिला आन्दोलनहरू अगाडि बढेका छन् । यसै क्रममा सन् १९३० मा महिलावादीको पहिलो धार विकास भयो जहाँ अमेरिकी महिलाहरूले दासत्वका विरुद्धमा आवाज उठाएका थिए भने दोस्रो धार सन् १९६० को दशकमा विकास भयो । यस अर्न्तगत आमूल र समाजवादी नारीवादी विश्लेषणहरु रहेका छन् । सन् १९८० को दशकपछि विकास भएको महिलावादको तेस्रो धारमा महिलाका विषयलाई सरोकार राखेर हेर्ने विद्वत् वर्गको विकास भयो । यो धार आधुनिक महिलावादी आन्दोलनसँग सरोकारित रहेको छ । यसले समाजमा बढी दमित शोषित र मूल प्रवाहबाट बाहिरिएका समुदायका महिलाहरुको अवस्थालाई अन्तरसम्वन्धित गरी महिला अधिकारका मुद्दालाई उठाउनुपर्ने र विश्वव्यपी रूपमा विकास भएको उत्पादन व्यवस्था वितरणको परिपाटी र त्यसले समाजमा पारेको प्रभावका संम्बन्धमा बसेर लैङ्गिक व्याख्या र विश्लेषण गर्नुपर्छ भन्ने व्याख्या यसमा पाइन्छ । साथै समाजमा महिलामाथि हुने पीडाको

तह पनि फरक फरक हुने कारण वृहत् संरचनाभित्र बसेर समुदायका जाति, प्रजाति, लिङ्ग, अर्थव्यवस्था आदि सबैको प्रभावलाई लैङ्गिक सवालको रूपमा वुझ्नु पर्दछ भन्ने धारणा रहेको छ (Ritzer, 1996)।

त्यस्तै महिलासंग सम्बन्धित सवालहरूलाई मुखरित गर्ने विभिन्न अन्तर्राष्ट्रिय महिला सम्मेलनहरु भएका छन्। प्रथम विश्व महिला सम्मेलन सन् १९७५ जुन २ देखि जुलाईमा मेक्सिकोमा भएको थियो भने दोस्रो, सन् १९८० जुलाई २४ देखि ३० गतेसम्ममा कोपनहेगनमा भएको थियो। दोस्रो विश्व महिला सम्मेलनले महिलाका लागि स्वास्थ्य, रोजगारी र शिक्षाको अनिवार्यता, र विकास कार्यमा महिला सहभागिता, आर्थिक सुधारबाट महिलाको अवस्था सुध्रिने रणनीति र प्रत्येक तहमा हुने दमन, शोषण र विभेदका कारकतत्व खोज्ने प्रयत्न गर्‍यो। केन्याको राजधानी नैरोवीमा सन् १९८५ को जुलाई १५ देखि २६ सम्म सम्पन्न तेस्रो विश्व महिला सम्मेलनले महिलाहरूलाई रोजगारीको अवस्था सम्वर्द्धन गर्ने, स्वास्थ्यको अवस्थामा सुधार ल्याउने, पुरुष सरह शिक्षा प्रदान गर्ने र कानुनी विद्यमान भेदभाव हटाउने जस्ता कुराको निर्णय गर्‍यो। विश्वलाई महिलाको दृष्टिबाट हेरौँ भन्ने मूल नारा लिएर बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलन ४ देखि १५ सेप्टेम्वर सन् १९९५ मा भएको थियो। यस सम्मेलनले महिला सरोकारका १२ वटा विषय पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि प्रतिवद्धता जाहेर गर्‍यो र ती विषय अन्तर्गत छुट्टाछुट्टै रणनीति, लक्ष्य तथा कार्यक्रम वनाएको थियो (UN,1995)।

महिलाका सम्बन्धमा WID, WAD र GAD जस्ता अवधारणाहरु पनि विकास भएका छन्। विकासमा महिला (WID) खास गरी अमेरीकी उदारवादी महिलाहले सन १९७० को दशकपछि अघि सारेको अवधारणा हो। महिलाको विद्यमान अवस्था सुधार ल्याउन महिलालाई विकास योजनाहरूमा सहभागी गराउनु, स्रोतहरू माथि महिलाहरूको पहुँच बढाउनु र महिला शिक्षा, स्वास्थ्यमा जोड दिनुपर्ने कुरालाई WID ले जोड दिन्छ। विशेषगरी विकास प्रक्रियामा महिलाहरूलाई एकिकृत गराउन सके महिलाहरूका समस्य धेरै जसो सवालमा समाधान हुने निष्कर्ष यस अवधारणको रहेको छ। त्यसै गरी महिला र विकास (WAD) को अवधारणा सन् १९७० को दशकको उत्तरार्धमा विकास भएको हो भने सामाजिक लिङ्ग र विकास (GAD) को अवधारणा सन् १९८० को दशकमा WID र WAD को कमजोरी पक्षलाई सच्याउने क्रममा फराकिलो अवधारणा आएको हो। यस अवधारणाले आधुनिकीकरणको सिद्धान्तले

आत्मसाथ गरेको विकासको प्रकृया जुन माथिवाट तलजाने संयन्त्रमा आधारित थियो, त्यसको विरुद्धमा तलवाट माथि जाने संयन्त्रलाई जोड दिन्छ । विशेषगरी समताउन्मुख सिद्धान्तमा आधारित छ । यसले समानता र समता दुवै पक्षलाई महत्व दिदै न्यायिक समताले लैङ्गिक विभेदको अन्त्य गर्न सक्दछ भन्ने मत राख्दछ । अर्कातिर कल्याणकारी अवधारणा तथा आधारभुत आवश्यकता परिपुर्ति र गरिवी उन्मुख अवधारणालाई पनि जोड दिन्छ ।

परम्परागत दृष्टिकोणबाट केवल बलात्कार र यौन दुर्व्यवहारलाई महिला विरुद्ध हुने हिंसाको रुपमा लिइन्छ तर हिंसाभित्र धेरै कुराहरू पर्दछन् बालविवाह, बहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती करणी, चेलिवेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरुद्ध हुने हिंसाका कारक तत्वहरू हुन् । सामाजिक लिङ्ग भेदको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई Physical Sexual/Psychological रुपमा आघात पुग्छ वा डर, धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन गरिन्छ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा त्यसो गरिन्छ भने त्यो महिला विरुद्धको हिंसा हो (बेइजिङ्ग सम्मेलनको घोषणा, १९९५) ।

UN (2006) का अनुसार विश्वभरिका महिलाहरु सामाजिक, आर्थिक, राजनैति तथा धार्मिक सत्ता वा भेदभावबाट शोषित छन् । महिला भएकै कारण उनीहरूले आज पनि विभेदको सामना गर्नु परेको छ र हिंसा पीडित भएर बस्नुपरेको छ । सन् १९९८ मा संयुक्त राष्ट्रसंघले मूख्य रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा नै महिला विरुद्धका हिंसा अन्त्य गर्न सक्रियता वढाउने र लैङ्गिक समानताका लागि अग्रसर गराउन सिद्धान्तमा एकमत भएको छ । अन्तर्राष्ट्रिय सन्धिपत्र, Convention on the Elimination of all forms of Discrimination Against Woman (CEDAW) को एउटा Optional protocol लाई संयुक्त राष्ट्रसंघले ६ अक्टोवर, १९९६ को साधारणसभाले पारित गऱ्यो र अनुमोदनका लागि खुल्ला राखिएको छ ।

मार्क्सवादी महिलावादका अनुसार महिलामाथिको दमन, अत्याचार तथा शोषण खास गरी पितृसत्ता र पुँजिवादी संरचना बाट भएको हो । सम्पतिमाथि व्यक्तिगत स्वामित्व, समाजमा छोराको महत्व तथा पितृसत्तात्मक परिवारमा पैत्रिक सम्पतिको हस्तान्तरणले लैङ्गिक विभेद सिर्जना गरेको छ । साथै वर्गीय

समाजको स्वरूप उत्पति भएदेखि लैङ्गिक विभेद देखिएको हो । त्यसैले सर्वप्रथम वर्गीय समाजको विनासपछी मात्र लैङ्गिक समानता कायम हुन सक्छ भन्ने धारणा रहेको छ (Pauline, 1991) ।

## २.२ नेपालमा महिला हिंसासम्बन्धी पूर्व अध्ययनको समिक्षा

कुनैपनि समाजको प्रगतिको मापदण्ड नारीलाई मानिन्छ । समाजमा महिलाले भन्दा अलिकति पनि बढि सुख सुविधाको अधिकार पुरुषले उपभोग गर्दछ भने त्यस समाजलाई प्रगतिशील र विकसित भन्न मिल्दैन । महिलाहरु परिवारका प्रमुख आधारस्तम्भ हुन् र परिवार समुदायको आधारशिला हो भने समुदाय एउटा राष्ट्रकै आधार हो । त्यसैले महिलालाई समाज र राष्ट्रका वास्तविक कर्णधार हुन् भन्न सकिन्छ । महिलाको सन्दर्भमा एंगेल्स (१९८६) को भनाई छ "सर्वप्रथम सभ्यताको बीऊ रोप्ने आइमाइहरु नै हुन् । तिनीहरुले पुरुषहरुलाई घुमन्ते जीवनबाट स्थिर जीवनमा ल्याई प्रतिस्थापित गरे" ।

Bhasin, (1993) ले महिलालाई पितृसत्तात्मक समाजले गर्ने गरेको हिंसालाई महिलाको सामाजिक अवस्थाको दयनिय स्वारुपको रुपमा उल्लेख गरेको पाइन्छ । उनका अनुसार समाजमा पुरुष प्रधान भएकै कारणले महिलाहरूलाई होच्याउने, नियन्त्रणमा राख्ने, शोषण गर्ने जस्ता अमानविय ब्यवहार गरिन्छ । महिला माइती र घर दुवै ठाउँबाट सम्पतिको हिस्सेदार वन्न नसक्ने भएकाले गर्दा महिलाको विवाह पश्चात् सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ (Bennett, 1983) ।

नेपाली समाजमा घरेलु हिंसालाई व्यक्तिगत वा घरायसी मामिलाको रुपमा मान्ने गरेको हुनाले सामाज वा वाहिरी पक्षले हस्तक्षेप गर्नु हुदैन । अर्थात व्यक्ति र परिवारको इज्जतको सवाल हो भन्ने मान्यता विद्यमान रहेको छ । परम्परागत मूल्य मान्यता, प्रचलन तथा रहनसहन वाट प्रभावित छ । विभिन्न जातजातिका आफ्नै प्रचलन रहनसहन इतिहास तथा समाज विकासका प्रकृयाहरु छन् । जसवाट नेपाली महिलाको अवस्था निर्धारण हुने गरेको छ । ग्रामिण तथा सहरी क्षेत्रमा बालबालिकाहरुको विद्यालयको उपस्थिति ठुलो अन्तर रहेको छ । खास गरि भिन्न भिन्न भौगोलिक क्षेत्रहरुमा केटाहरू र

केटीहरूको विद्यालयको उपस्थितिमा अन्तर आएको देखिन्छ । परम्परादेखि नै व्यापक रुपमा समाजमा जरा गाडेको पितृसत्तात्मक सोचाई, पारिवारिक कामको बोझ तथा महिलाहरूको सक्रिय भूमिकाको अभाव जस्ता कारणले स्थानिय विद्यालयमा महिला शिक्षिकाको अभाव वा स्थानियतहमा सक्रिय महिला नेतृत्वको अभाव जस्ता स्थितिले सृजना हुन पुगेको हो (UNDP, 2001) ।

“वंशावली छोराले मात्र कायम गर्न सक्छ भन्ने विश्वासनै छोरालाई बढी महत्व दिनुको एक मुख्य कारण हो । गरिव होस वा धनी, सहरिया होस वा गाउँले छोरालाई वढी महत्व दिनुको एक मुख्य कारण कुलको संरक्षण हो । आफ्ना स्वर्गिय आमा वावुका लागि तर्पण, पिण्ड दिने र काजक्रियागर्ने जिम्वेवारी पुत्रमा सिमित हुन्छ । यस्ता कर्म द्धारा मात्रै स्वर्गलोक वा पितृलोकको प्रप्ति हुन सक्छ भन्ने विश्वास छ । तसर्थ काजक्रिया गरेवापत छोराहरुले पैतृक धन पाउने चलन छ” (UNICEF, 2006) । प्रायः जसो यौनजन्य हिंसा भोगेका महिलाले उक्त घटना प्रहरी समक्ष पुर्‍याउँदैनन् । किनकि त्यस्ता मुलुकहरू जहाँ महिलाको कुमारित्वलाई परिवारको इज्जतसँग जोडिएको हुन्छ । त्यहाँ महिलाहरूको आफ्नै वलात्कारको कुरा सार्वजनिक भएमा त्यही वलात्कारीसँग विवाह गर्न दवाब दिइन्छ ।

महिलाहरुका समस्याबारे छलफल गर्ने बिषय धेरै छन् । महिलाहरुले घरबाहिर भोग्नुपरेका समस्या संगसगै घरभित्रै, कोठाभित्रै पनि थुप्रै चुनौतिहरु सामना गर्नुपरेको छ, जसमध्ये घरेलुहिंसा पनि एउटा हो । घरेलु हिंसाको मुख्य कारण पितृसत्तात्मक पारिवारिक व्यवस्था हो । विश्वका अधिकांश देशहरुमा जस्तै नेपालमा पनि प्राचिन समयदेखि नै पितृसत्तात्मक व्यवस्था थियो । जेठो छोरो वा पिता नै परिवारको प्रमुख हुने पितृसत्तात्मक व्यवस्थामा महत्वपूर्ण आर्थिक निर्णय र अरु निर्णयहरु पुरुष सदस्यहरुले गर्दछन् । परिवारभित्रै महिलाले विविध हिंसा सहनु परेको मुख्य कारण सन्तानमा छोरापछि मात्र छोरीको स्थान रहनुले नै हो । हाम्रो समाजमा विवाह गरेर छोरी घर पठाउदा दाइजोका रुपमा नगद जिन्सी दिने प्रचलन रहेकाले, थोरै नगद वा दाइजो ल्याउने महिलालाई वचन लगाउने वा हातै हालेर कुट्ने र मार्ने समेत गरिन्छ । घरेलु हिसांको मुख्य कारण दाइजो र छोराको जन्मसंग जोडिएको छ । दाइजो कम भयो भनेर मानसिक र शारीरिक यातना दिदै जलाइदिने घटना थुप्रै भएका छन् । महिलाविरुद्ध हिंसासम्बन्धि छापिएका समाचारले पत्रिका रङिएका हुन्छन् । हरेक दिन महिला बेचविखन,

बलात्कार, बोक्सी आरोपमा कुटपिट र दिसापिसाब खुवाइएका, देहव्यापार आदिमा लागेका र लगाइएका महिला विषयका समाचारको बाहुल्य देख्न सकिन्छ (पौड्याल, २०६७) ।

Lynn Bennett (1983) ले काठमाडौंदेखि नजिकै रहेको नारीकोट गाउँका उच्च हिन्दू महिला र पुरुष बीच रहेको फरकपन लाई स्पष्ट पारेकी छन् । खासगरी त्यस ठाउँका महिलाहरु प्रत्येक तहमा शोषित रहेका छन् । सदैव पुरुषको नियन्त्रणमा रहनुपर्ने, प्रत्येक सामाजिक संस्कारमा पुरुषको अनिवार्य र महत्वपूर्ण भूमिका रहने तथा महिलालाई विभिन्न तहमा अशुद्ध तथा जुठो देखाउने, हिन्दू प्रवृत्ति र मान्यताको प्रभाव रहिरहनु जस्ता अवस्थाले महिलाको स्थिति माथि उठ्न नसकेको पाइएको छ । पितृप्रधान समाज भएकोले सामुदायिक तथा उत्पादनशील कार्यमा महिलाको संलग्नता अत्यन्तै न्यून रहेको देखाइएको छ । खासगरी त्यो समाजमा विवाहित र अविवाहित महिलाबीच रहेको असमानता वा एउटा महिलाको विवाहअघि र विवाह पछिको दुईवटा भूमिका निर्धारण हुन्छ भन्ने कुरालाई उल्लेख गरेकी छन् (Bennett, 1983) ।

Lynn Bennett (1983) का अनुसार विवाहअघि एउटा महिलालाई पवित्र वस्तुको रुपमा हेरिन्छ भने विवाहपछि महिला यौन क्रियामा संलग्न हुने र बच्चाहरु पैदा गर्ने भएका कारण दूषित (अपवित्र) हुने बताइएको छ । यस प्रकारको भूमिकाले महिलाको विकास उन्नति र समानतामा बाधा थोपरेको छ । नारीकोट मूल रुपमा बाहुन, क्षेत्रीहरु रहेको गाउँ हो जहाँ हिन्दूवादको प्रभाव छ । नारीकोट गाउँमा महिलालाई दोस्रो दर्जामा राखेको र छोरा नभए पुण्य नमिल्ने, वंश परम्पराको लागि छोरा अनिवार्य चाहिने, छोरालाई जीवन पुण्यको प्रतीकको रुपमा लिने र महिलालाई दोस्रो दर्जामा राखेको पाइएको छ । यसरी Bennett (1983) ले नेपालको सामाजिक मुल्य मान्यतामा महिलाहरुलाई हेरिने व्यवहारहरमाथि थप जोड दिदै महिलाहरु रजश्वला भएको अवस्था, सुतक रहेको अवस्था, जातअनुसार विवाहवारी र खानपानको नियम र अधीनमा नरहेको अवस्था, अविवाहित तथा जनैधारण नगरेको पुरुष आदिलाई अशुद्धताको प्रतीकको रुपमा हेरिन्छ भने पुण्यकर्म, पूजा, जात र धर्म अनुसारका आचरणको प्रयोग, जप, ध्यान,गौवस्तु, वरपिपल, लिपपोत आदिलाई शुद्धताको प्रतीकको रुपमा हेरिएको पाइएको छ ।

नेपालमा वि.स. २०४७ सालको संविधानले गरेको महिलासम्वन्धी व्यवस्थाका अतिरिक्त नेपालको आन्तरिम संविधान २०६३ को धारा १३ (३) मा महिला बर्गको संरक्षण सशक्तीकरण र विकासका लागि कानूनद्वारा विरोध गर्न सकिने व्यवस्था उल्लेख गरिएको छ (अन्तरिम संविधान, २०६३) । त्यस्तै धारा १३ (४) मा समान कामका लागि महिला र पुरुषबीच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव नगरिने, पैतृक सम्पतिमा छोरा र छोरीलाई समान अधिकार आदि कुराहरू उल्लेख गरिएको छ । महिलाले लैङ्गिकताका आधारमा भेदभाव खप्नु परेको कुरा स्वीकार गर्दै धारा २० मा भनिएको छ, महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन, प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन् सम्वन्धि हक हुनेछ, कुनै पनि महिला विरुद्ध शारिरिक, मानसिक, वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन आदि जस्ता कुराहरू संविधानमा उल्लेख गरिएको छ । तर व्यवहारमा यी कुराहरु लागू नहुदां वा नगरिदा महिलाका समस्याहरु ज्यूँका त्यूँ रहेको पाइन्छ । लैङ्गिक समानता कायम गर्न घरेलु हिंसा कसुर र सजाए ऐन, ०६३ जारी भएको पनि छ । वि.स. २०६४ सालको संविधान सभामा ३३ प्रतिशत महिला विधायकहरु प्रत्यक्ष तथा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित तथा मानोनित भएका छन् । तर पनि देशको सामाजिक तथा आर्थिक क्षेत्रमा आमूल परिवर्तन नहुदां महिलाहरुले हिंसा सहनु परेको वा लैंगिक भेदभाव खेप्नु परेको व्यवहारमा देखिएको पाइन्छ ।

कानुनी सहयोग तथा परामर्श केन्द्र ल्याक (२०६४) का अनुसार महिलामाथि हुने घरेलु हिंसाका कारक तत्वहरूमध्ये पितृसत्तात्मक सामाजिक शक्ति संरचना, शक्ति नियन्त्रण, आर्थिक नियन्त्रण, आर्थिक स्रोत र साधन परिचालनमा पहुँचको कमी, रोजगारी सीपमुलक तालिमको अभाव, शिक्षामा कमी,  निर्णायक पदमा पछौटेपन, राजनीतिक नीति निर्माण तहमा पहुँच नहुनु, प्रजनन अधिकारमा नियन्त्रण नहुनु, पुरातनवादी सामाजिक मुल्य र मान्यता, महिलालाई वस्तुको रुपमा ठान्नु आदि हुन् (LACC, 2007) ।

LACC (2007) ले वैदिककाल देखि महिलामाथि हुँदै आएका हिंसाहरू आज २१ औं शताब्दीमा आइसक्दा पनि देशमा लिङ्गको आधारमा हुने गरेका हिंसाहरू विद्यमान रहिरहेको सत्य एकातिर उजागर गरेको छ भने यो भन्दा अर्को चिन्ताको विषय हो महिलामाथि हुने हिंसाका स्वरुपहरू विकसित, सुनियोजित तथा वेज्ञानिक ढङ्गबाट वृद्धि भइरहेका औंल्याएका छन् । बेलाबेलामा गरेका माहिला

हिसाको अभियान, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता विद्यमान कानुनमा भएका संशोधन, केही नयाँ कानुनहरूको निर्माण वा सर्वोच्च अदालतबाट बेलाबेलामा हुने गरेका प्रगतिशील फैसलाहरूबाट पनि महिला वर्गका माग तथा समाजको आवश्यकतालाई समेट्ने प्रयास गरेको पाइन्छ । एकजना व्यक्तिमात्र संवेदनशील वा प्रगतिशील भएर यो देशमा कुनै परिवर्तन हुन सक्दैन यसको लागि सम्पूर्ण व्यवस्थाको सोच, कार्यशैली, संरचना, योजना नीति तथा कार्यान्वयनमा नै क्रान्तिकारी परिवर्तन आउनु जरुरी छ । त्यसका लागि सर्वप्रथम चाडोभन्दा चाडो महिला हिंसा विरुद्धमा विशेष कानुन बन्नुपर्दछ । कानुन बनेर मात्रै हुँदैन । त्यसको कार्यान्वयन गर्ने निकाय र पक्ष दुवै त्यत्तिकै सशक्त हुनुपर्दछ । त्यसका लागि घरपरिवार, सिङ्गो समाज, राज्यले महिलालाई समानताको व्यवहार गर्नुपर्दछ । जबसम्म यी कुराहरूमा समाज, व्यक्ति, नीति तथा कानुन परिवर्तन हुँदैन, तबसम्म देशमा महिला उपर हुने हिंसाका कारक तत्वहरूमा आमूल परिवर्तन हुन सक्दैनन्, तबसम्म हिंसामुक्त समाजको कल्पना गर्न सकिँदैन ।

अधिकारी (२०५६) का अनुसार अबिवाहित दुर्व्यसनीलाई कुलतबाट छुटाउन उनीहरुका अभिभावकहरुले विहे गरीदिने तथ्य लागुपदार्थ दुर्व्यसन बिरुद्ध कार्यरत समाजसेवीहरुले भेट्टाएका छन् । लागुपदार्थका कुलतमा लागेका पुरुषका पत्नीहरु आफ्नो श्रीमानले दिने शारीरिक र मानसिक यातनाबाट मात्र पिडित छैनन्, उनीहरुमा अहिले एउटा भय थपिएको छ, एड्स रोगको भाइरस पति हुदै आफु र आफ्ना सन्तानमा पनि पुगेको छ कि भन्ने !

पाण्डे (२०६४) ले बौद्धिक एवं शिक्षित परिवारमा समेत महिलामाथि ज्यादती हुने गरेको कुरालाई आफ्नो लेखमा औल्याएका छन् । उनका अनुसार श्रीमान जुहारराज पाण्डेको पिटाइ सहन नसकी उनकी श्रीमती माइतमा बस्दै आएकी छन् । दाइजो कम ल्याएको भन्दै सासु, श्रीमान र आमाजुले दिनरात पिट्ने र दुव्यवहार गर्न थालेपछि माईतमा बस्नुको विकल्प उनकी श्रीमतीसँग नभएको थियो । यो घटनाले बौद्धिक एवम् शिक्षित परिवारमा समेत महिलामाथि बढ्दो ज्यादती भइरहेको पुष्टि गरेको छ । र, जशिमन पाण्डे अहिले न्यायका लागि अदालत धाइरहेकी छिन् ।

थापा र मल्ल (२०६५) का अनुसार संविधानमा महिला अधिकारको सुनिश्चितता हुनुपर्दछ । अब बन्ने कानुन स्पष्ट र व्यवहारमा उतार्न सक्ने बनाउनु पर्दछ । कागजी रुपमा कानुन बनाई कार्यालयको दराजमा मात्र सीमित रहनु हुँदैन । यसको कार्यान्वयन पक्ष दरिलो हुनुपर्दछ । त्यसैले कानुन बन्दा धर्म र संस्कृति सम्बन्धी स्पष्टतताको आवश्यकता छ र हिजोको संस्कृतिमा आधारित होइन, आजको संस्कृतिमा आधारित संविधान बन्नुपर्छ । महिलामाथि हुने शोषणहरू अन्त्य गर्ने र पीडित न्याय प्रणालीमा आधारित कानुनी व्यवस्था निर्माण गर्ने ग्यारेन्टी पनि संविधानले गर्नुपर्दछ । राज्यको हरेक संरचनामा महिलाको समानुपातिक सहभागितालाई सुनिश्चित गर्नुपर्दछ । घरमा काम गरेको कामको मूल्याङ्कन गर्दै घरभित्रको भूमिकामा पनि साझेदारीको सुनिश्चितता गर्न आवश्यक छ ।

त्यसैगरी थापा र मल्ल (२०६५) को विचारमा ९९औं अन्तराष्ट्रिय महिला दिवसको नारा महिला र बालबालिका हिंसा अन्त्यका लागि महिला र पुरुषको ऐक्यबद्धता रहेको छ । नेपालको राष्ट्रिय महिला आयोगले विद्यमान साधन, स्रोत र क्षमतालाई अधिकतम परिचालन गरी बढी भन्दा बढी महिलाहरूको सर्वाङ्गीण हकहितका लागि निरन्तर प्रयास गर्दै जाने क्रममा ८ मार्च २००९ (२५ फागुन, २०६५) लाई ९९ औ अन्तर्राष्ट्रिय महिला दिवस विशेष रुपमा मनाइएको थियो । नेपाली समाजमा महिला विरुद्ध हुने हिंसाले महिलालाई मात्र असर गर्दैन त्यसले त सिङ्गो समाजलाई नै असर गर्दछ भन्ने कुराको चेतना सम्पूर्ण जनमानसमा पुऱ्याउन जरुरी छ । घरेलु हिंसाका दोषीलाई कुननी दायराभित्र ल्याउनका लागि घरेलु हिंसा नियन्त्रणसम्बन्धी विधेयक यथाशिघ्र पारित गर्न आवश्यक छ । महिलालाई हेर्ने परम्परागत सोच र मूल्य मान्यतामा परिवर्तन गर्दै महिलालाई आर्थिक रुपमा सुदृढ शिक्षित तथा आत्मनिर्भर तर्फ सबैको ध्यान केन्द्रित हुन आवश्यक छ । र, महिलामाथि हुने हिंसा अन्त्यका लागि महिला र पुरुष दुवै ऐक्यबद्ध भई अघि बढ्नु आजको आवश्यकता भएको देखिन्छ ।

थापा (२०६५) ले महिलामाथि हुने हिंसाको अन्त्य गरी हिंसामुक्त जीवनको अधिकार सुनिश्चित गर्नु प्रत्येक राष्ट्रको दायित्व हो भन्ने कुरामा जोड दिएको छ । अझै पनि महिलामाथि विभेद गर्ने खालका थुप्रै विभेदकारी कानुनहरू हाम्रा सामु विद्यमान छन् । नेपालको अन्तरिम संविधान २०६३ को धारा २० ले महिलाको हकलाई पहिलोपटक मौलिक हकको रुपमा स्थापित गरी महिला विरुद्ध हिंसा गर्न नहुने र महिलामाथि हुने कुनै पनि प्रकारको हिंसा दण्डनीय हुने व्यवस्था गरेको छ । तर पनि मौलिक हक

तथा संवैधानिक हकको प्रचलनको निम्ति निर्माण हुनुपर्ने घरेलु हिंसा नियन्त्रण सम्बन्धी कानुन, दाइजो प्रचलनका विरुद्ध कानुन जस्ता महिला हिंसालाई प्रश्रय दिने खालको महत्वपूर्ण कानुनहरू हालसम्म निर्माण हुन सकेका छैनन् । पैतृक सम्पत्तिमा छोरीलाई छोरा सरह समान कानुनी अधिकार दिइएका भए तापनि उक्त कानुनको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिदैन । महिला अधिकारको संरक्षण तथा सम्बर्द्धन गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्य अनुरुप स्थापित राष्ट्रिय महिला आयोगलाई निर्देशित गर्नका लागि राष्ट्रिय महिला आयोग ऐन २०६३ लागू भएको छ । यस ऐनले आयोगलाई हिंसाबाट पीडित महिलाको निवेदन माथि छानविन गर्न सक्ने अर्धन्यायिक अधिकार दिएको छ । यसैगरी महिला विरुद्ध हुने हिंसाबाट पीडित महिलाको उजुरी सुन्नका लागि नेपाल प्रहरी अन्तर्गत विभिन्न जिल्लामा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना समेत गरिएको छ तर यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन नहुदां महिलामाथि हुने थप हिंसा रोकिएका छैनन् (थापा, २०६५) ।

रोका (२०६५) ले वर्तमान विकासका प्रयासले यस खालको परम्परागत पितृसत्तात्मक मूल्य मान्यता हटाउने प्रयास गरेको भएता पनि समाजमा विगतको लामो समयदेखि जरो गाडेको सांस्कृतिक मूल्यलाई परिवर्तन गर्न गाह्रो भएको बताएका छन् । महिलालाई विकासको मूलधारमा समेट्न सके महिला र पुरुषबीच रहेका भेदभावहरू स्वतः हटेर जाने कुरामा दुईमत हुन सक्दैन । त्यसका लागि महिला शिक्षामा विशेष जोड दिनुपर्छ र महिला भनेका भोगविलासका साधन हुन् भन्ने पुरातनवादी अतिवादी पुरुष कुविचारलाई हटाएर नारी पुरुष समान हुन् र नारी पनि सक्षम छन् भन्ने कुरालाई हृदयदेखि स्वीकार गरी विकास कार्यमा जुट्न सकेमा महिलाको स्थिति त सुध्रन्छ नै देशको अवस्था पनि सुध्रनेछ भन्ने कुरामा उनले विश्वास दिलाउन खोजेको प्रष्ट देखिन्छ ।

अध्याय-तीन

# अनुसन्धान पद्धति

अनुसन्धान गर्दा सूचना सङ्कलन गर्नको लागि विभिन्न प्रकारका अनुसन्धान पद्दतीहरूलाई कसरी प्रयोग गर्ने भन्ने कुराको वर्णन यस अध्ययनमा गरिएको छ । विभिन्न प्रकारका आवश्यक र उपयोगी अनुसन्धान विधिहरु अपनाउदै अध्ययनकर्ताले सन् २०१२ को April-May (बैशाख, २०६९) महिनामा तथ्यांकहरू सङ्कलन गरेको थियो । विशेष गरी अध्ययनलाई बढि भन्दा बढी वैज्ञानिक, विश्वासनीय र भरपर्दो वनाउनका लागि अध्ययन अवधिमा निम्न अनुसन्धान पद्धतिलाई अपनाइएको छ । यो अध्यायमा क्रमशः अध्ययन क्षेत्रको छनोटको औचित्य, अनुसन्धान खाका, नमूना छनौट प्रक्रिया, तथ्याङ्कको प्रकृति तथा स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि तथा तथ्याङ्कको विश्लेषण, व्याख्या र विवरणहरुलाई उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य

अनुसन्धान कार्यलाई मूर्तरुप दिन वा अध्ययन कार्यलाई क्रमबद्ध रुपमा अगाडि बढाउनका लागि सर्वप्रथम अनुसन्धान गर्ने उपयुक्त स्थानको छनौटको आवश्यकता पर्दछ । त्यसैले यस शोधको लागि अध्ययन क्षेत्रको रुपमा सिन्धुली जिल्लाभित्र पर्ने अरुण ठाकुर गाविसलाई लिएको छ । अरुण ठाकुर गाविसलाई शोधकर्ताले छनौट गर्नुको पछाडि निम्न कारणहरू रहेका छन्:

- यो अध्ययन क्षेत्र समय, अर्थ तथा अन्य जटिलतालाई मध्यनजर गर्दा शोधकर्ताको लागि चिरपरिचित क्षेत्र भएकोले,
- उक्त गाविस सुनुवार जातिको ठूलो बसोबास क्षेत्र रहेको र शोधकर्तालाई सुनुवार जाति तथा सुनुवार महिलाहरु प्रति गरिने घरेलु हिंसाजन्य घटना एवं व्यवहारहरुको बारेमा अध्ययन गर्ने रुचि भएकोले, र
- अध्ययन क्षेत्रभित्र रहेका टोल, बस्ती, आदि ठाउँहरुमा बेलाबखत सुनुवार महिलाहरु माथि घरेलु हिंसा हुने खवरहरु आमसंञ्चार माध्यमहरुमा छाइरहने हुनाले हो ।

## ३.२ अनुसन्धान ढाँचा

यो अध्ययनमा वर्णनात्मक तथा विवरणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ । यसै क्रममा सुनुवार समुदायका महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक अवस्थालाई वर्णनात्मक ढाँचामा जोड दिई प्रस्तुत गरिएको छ भने उनीहरुको घरपरिवार तथा समाजमा हुने घरेलु हिंसा र हिंसा हुनुका मुख्य कारणहरूको खोजी गर्न आन्वेषणत्मक ढाँचालाई प्रयोग गरी विवरणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.३ समग्रता र नमुना छनौट

यस अध्ययनमा अरुण ठाकुर गाविसमा बसोबास गर्ने जातजाति तथा क्षेत्रलाई समग्रमा लिइएको छ । उक्त गाविसका ९ वटा वडाहरुमा कुल १,०४३ घरधुरी र ६,६५३ जनसंख्या रहेका छन् (गाविस सर्वेक्षण, २०६७) । नमुना छनौटका लागि शोधकर्ताको चाहना अनुरुप वडागत हिसाबले २ नं वडालाई लिएको छ, जहाँ १३१ घरधुरी रहेकोमा ३२ घरधुरीलाई मात्र अध्ययानका लागि छानिएको छ । छानिएका ३२ घरधुरीहरु सबै सुनुवार समुदायका मात्र रहेका छन् । उत्तरदाताको रुपमा १६ वर्षदेखि ७५ वर्ष उमेर समूहका सुनुवार महिलाहरुलाई मात्र समेटिएको छ । यो उमेर समूहका महिलाहरुमा हुने घरेलु हिंसाको अवस्था र यसका कारणहरुका बारेमा समग्र अध्ययन गर्ने उदेश्य भए पनि उदेश्यपूर्ण नमुना विधि (Purposive Sampling Method) अपनाई सुनुवार जातिका घरधुरी उत्तरदाताहरुलाई मात्र छानिएको हो । घरधुरी उत्तरदाता छान्दा सर्वप्रथम छनौटमा परेका वडाको सम्पूर्ण घरधुरीहरुको लिष्ट संकलन गरी सुनुवार जातिको घरधुरीलाई मात्र छनौट गरी विवाहित सुनुवार महिलाहरुलाई उत्तरदाताको रुपमा लिएको छ ।

## ३.४ तथ्याङ्कहरूको स्रोत तथा प्रकृति

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नका लागि त्यससँग संम्बन्धित विभिन्न स्रोतहरुबाट प्राप्त सामग्रीहरूको नितान्त आवश्यक पर्दछ । यो अध्ययनमा पनि विभिन्न स्रोतहरुबाट प्राप्त हुने प्राथमिक

र द्वितीय दुवैखाले स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोतको लागि सुनुवार महिलाहरुसँगको अन्तर्वार्ता, अवलोकन, प्रमुख जानकार व्यक्ति आदिबाट प्राप्त हुने आवश्यक तथ्याङ्कहरु सङ्कलन गरिएको छ । त्यसैगरी, द्वितीय स्रोतको लागि महिला हिंसासम्बन्धी पूर्वप्रकाशित लेख, पुस्तक तथा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त हुने विभिन्न खाले तथ्याङ्क, गाविस तथा जिविसबाट प्राप्त हुने अभिलेख आदिमा निर्भर रहेको छ । अध्ययनको स्वरुप अनुसार तथ्याङ्कीय स्वरुप भने गुणात्मक तथा मात्रात्मक दुवैखाले रहेको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयंमले स्थलगत अध्ययन गरी निम्न विधिहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१ प्रश्नावली सुची

अनुसन्धान एवं शोधकार्यका लागि व्यक्तिगत तथा घरधुरी प्रश्नावलीहरुको सुची बनाई अन्तर्वार्ता लिइएको छ भने प्रश्नावली तयार गर्दा अर्धसंरचित र संरचित दुवै खाले ढाँचामा प्रश्नावलीहरु रहेका छन् । घरधुरी उत्तरदाताहरुको अनुकुल समय मिलाई प्रत्येक घरबाट एक/एक जना घरधुरी उत्तरदाताहरु समेटिने गरी जम्मा ३२ जनासंग अन्तर्वार्ता लिइएको छ । उक्त अन्तवार्ताको लागि उत्तरदाताहरूको सामाजिक, आर्थिक पक्ष तथा घरेलु हिंसाको स्वरुप, प्रकार, कारण संम्बन्धी जानकारी समेटीने गरी सरल भाषामा तयार गरीएको प्रश्नावलीहरुको प्रयोग गरिएको थियो । प्रश्नावलीको नमूना अनुसूची-१ मा दिइएको छ ।

### ३.५.२ अवलोकन

अवलोकन विधिबाट अनुसन्धानकर्ताले आफूले देखेको तथा अनुभव गरेको तथ्याङ्क सङ्कलन गरिने हुँदा सो तथ्याङ्कहरू गुणात्मक र बढी औचित्यपूर्ण हुने विश्वास राखिएको हुन्छ । सूचनादाताहरूले दिन

नसकेको वा नचाहेको तथ्याङ्कहरू प्रत्यक्ष अवलोकनबाट सङ्कलन गर्न सकिन्छ । अवलोकन गर्दा विशेषत सुनुवार जातिको सघन बसोबास क्षेत्र, पारिवारिक संरचना, सामाजिक तथा आर्थिक परिवेशलाई मध्यनजर गरिएको थियो । त्यसैगरी शोधपत्रमा अवलोकनद्वारा हिंसाबाट पीडित महिलाहरुको तथ्य सङ्कलन गर्न पीडित महिलाहरुमा देखिने शारीरिक यातनाका चिन्ह, यातनाले पारेका मानसिक व्यवहार, घटना संम्बन्धी उजुरी भए सम्बन्धित् निकायको अवस्था र सो को लेखाजोखा, आदिको प्रत्यक्ष अवलोकन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.३ प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता

अध्ययनको क्रममा सुनुवार महिलाहरूको सामाजिक, आर्थिक तथा शैक्षिक स्थिति र हिंसाका कारणहरूको बारेमा गाविस प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय समाजसेवी तथा बुद्धिजिवी, राजनीतिक नेता तथा कार्यकर्ता एवं बिद्यालयका शिक्षक/शिक्षिका, आदिलाई मुख्य सूचनादाताको रुपमा लिएर उनीहरु संगको अन्तर्वार्ता तथा कुराकानीबाट समेत तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.६ अध्ययनको सीमा

कुनै पनि समुदायको सर्वेक्षण गर्नु भनेको त्यस स्थानमा बसोवास गर्ने जनसमुहको वास्तविक स्थिति थाहा पाउनु तथा उनीहरूसँग सम्बन्धित पक्षहरूको अध्ययन गर्नु भन्ने बुझिन्छ । यो अध्ययन क्षेत्रगत हिसाबले सिन्धुली जिल्लाको अरुणठाकुर गाविसमा मात्र सीमित रहेको छ । हाम्रो समाज पितृसतात्मक पारिवारिक ढाँचामा आधारित भएको कारणले गर्दा त्यस क्षेत्रमा महिलामाथि हुने घरेलु हिंसाको क्षेत्र बृहत् भएकोले यस अध्ययनमा निम्न प्रकारको सीमितता रहेको छ :

- यो सर्वेक्षण अरुणठाकुर गाविसमा बसोवास गर्ने सुनुवार महिलाहरु विरुद्ध हुने घरेलु हिंसा पीडित महिलाहरूसँग मात्र सम्बन्धित रहेको छ ।
- समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधीको लागि मात्र यो अध्ययन गरिएको हुदां अनुसन्धानकर्ताले समय र अर्थको ख्याल गर्दै अध्ययनभित्र गर्नुपर्ने बृहत् क्षेत्रलाई समेटेर अध्यन गर्न सकिएको छैन ।

- यस अध्ययनले निश्चित क्षेत्रका नेपाली महिला खासगरी सुनुवार जातिका महिलाहरुमाथि हुने घरेलु हिंसाको प्रतिनिधित्व गरे पनि सम्पूर्ण नेपाली जातजातिका महिलाहरुमाथि हुने गरेका घरेलु हिंसाको प्रतिनिधित्व गर्न सक्छ भनेर किटान गर्न सकिदैन ।

## ३.७ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययनबाट प्राप्त भएका विभिन्न खाले तथ्याङ्कहरुलाई सर्वप्रथम वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गर्दा हुने तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार वर्गीकरण गरिएको छ । संख्यात्मक तथ्याङ्कहरुलाई विश्लेषण योग्य बनाउन सामाजिक अनुसन्धानमा प्रयोग गरिने तथ्याङ्कीय विश्लेषण प्रविधि (Statistical Package for Social Science-SPSS) को माध्यमबाट क्रमवद्ध रूपमा तालिकीकरण गरिएको छ । गुणात्मक प्रकृतिका तथ्याङ्कलाई सन्दर्भ अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक वनाई उचित स्थानमा प्रस्तुत गरिएको छ । यसरी विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई सकेसम्म विश्लेषण योग्य र बुझिने बनाउन सरल तालिकाको माध्यमबाट प्रतिशतमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

# अध्याय-चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

प्रस्तुत अध्यायको पहिलो खण्डमा अध्ययन क्षेत्रको भौगोलिक बनावट, घरधुरी उत्तरदाताको सामाजिक तथा आर्थिक विशेषता, सुनुवार महिलाहरुको स्थिति, र दोस्रो खण्डमा महिला उत्तरदाताहरुको सामाजिक, आर्थिक तथा शैक्षिक पक्षहरुको विश्लेषणलाई विस्तृत रुपमा जोड दिइएको छ ।

## ४.१ अरुण ठाकुर गाविसको नामाकरण, भौगोलिक अवस्थिति

सिन्धुली जिल्ला नेपालको राजधानी काठमाडौबाट दक्षिणपूर्वमा पर्दछ । मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको मध्यभागमा अवस्थित यस जिल्लाका ५३ वटा गाविस तथा एक नगरपालिकामध्ये जिल्ला सदरमुकामबाट पूर्वतर्फ अरुणठाकुर गाविस अवस्थित रहेको छ । अरुणठाकुर गाविस जिल्लाको राजनीतिक विभाजनमा निर्वाचन क्षेत्र नम्बर १ तथा इलाका नम्बर ३ मा पर्छ भने दुधौली इलाका केन्द्र हो ।

यस गाविसको नामाकरण ठाकुरदेव गुफा र अरुणखोलाबाट संयुक्तरुपमा रहन गएको देखिन्छ । सदरमुकामबाट निकै टाढा भएकोले यो गाविस विकासका दृष्टिकोणले अन्य गाविस भन्दा पछाडि रहेको छ । सरकारी कार्यालयहरुमा गाउँ विकास समिति, अतिरिक्त हुलाक कार्यालय र उप-स्वास्थ्य चौकी मात्र रहेका छन् । कृषि तथा पशुसेवा केन्द्रको लागि दुधौली केन्द्र नै जानुपर्ने अवस्था छ ।

करीव २७°०३' उत्तरदेखि करीव २७°०६' उत्तरी अक्षांश र करीव ८६°१३' पूर्वदेखि ८६°१९' पूर्वी देशान्तरमा रहेको यो गाविस महाभारत खण्डमा पर्दछ । जिल्लाको २,४९१ वर्ग किलोमीटर क्षेत्रफलमध्ये यस गाविसले करीव ४८ वर्ग किलोमीटर ओगटेको छ । जिल्ला वस्तुगत विवरणमा यस गाविसको क्षेत्रफल ३,६३६ हेक्टर उल्लेख गरिएको छ । यस गाविसको पूर्वमा ककुरठाकुर गाविस, पश्चिममा जिनाखु गाविस, उत्तरमा महादेवडाँडा गाविस र दक्षिणमा दुधौली गाविस पर्दछ । गाविसमा कन्यखोला, मध्यठाकुर खोला, सिसंकु खोला, कर्था खोला, सान्धाने खोला तथा माथिल्लो ठाकुर खोला

जस्ता साना ठूला खोलाहरु रहेका छन् । समुन्द्री सतह ४२० मिटर देखि १२२० मिटरसम्म उचाइ रहेका यस गाविसको समग्र भौगोलिक स्वरुप हेर्ने हो भने यहाँ हिमाली, पहाडी र तराई तीनवटै स्थानमा हुने हावापानीको महसुस गर्न सकिन्छ । गाविसको उत्तरी भाग जुन महादेवडाँडा गाविस र उदयपुरको मयाखु गाविससँग सिमाना जोडिएको छ । त्यहाँको हावापानी हिमाली हावापानीसँग मिल्दोजुल्दो पाईन्छ । यस क्षेत्रमा जाडो मौसममा हिउँ पर्छ भने वर्षायाममा वाक्लो कुहिरो लाग्छ । यस्तै गाविसको दक्षिणी भाग यस जिल्लाको सिर्थौली, दुधौली र लदाभिर गाविससँग सिमाना जोडिएको छ । यहाँको हावापानी तराईको हावापानीसँग मिल्दोजुल्दो रहेको छ । यहाँ जाडो समयमा हुस्सु लाग्ने र गर्मी मौसममा धेरै गर्मी हुन्छ । गाविसको वीचभाग जहाँ पहाडी हावापानी रहेको छ । यहाँ जाडोमा पनि धेरै जाडो हुँदैन र गर्मीमा पनि धेरै गर्मी हुँदैन । यस गाविसमा वीचवीचमा समथर भूमीहरु पनि रहेको छ । जहाँ कृषिजन्य उत्पादन पर्याप्त मात्रामा उत्पादन हुन्छ भने यस क्षेत्रमा पर्याप्त सिंचाईको व्यवस्था रहको छ । यहाँको भू-वनोटलाई हेर्दा यहाँ त्यस्ता डरलाग्दा ठूला भीरहरु पनि छैन साथै धेरै समथर भूभाग पनि छैन । यस गाविसको हावापानी तथा भू-वनोटलाई अध्ययन गर्दा तराई र पहाडीको मध्यवर्ती भू-बनौटको रुपमा लिन सकिन्छ ।

## ४.२ गाविसको सामाजिक तथा आर्थिक जनजीवन

अरुणठाकुर गाविसको जम्मा जनसंख्या ६,६५३ मध्ये महिला ३,३३५ र पुरुष ३,३१८ रहेका छन् । कूल जनसंख्यामा महिला र पुरुष करीव ५०/५० प्रतिशत छ भने गाविसको औसत परिवार संख्या ६.१० देखिन्छ । गाविसमा मुख्यतय मगर तथा तामाङ जातिको बसोबास छ भने केही संख्यामा क्षेत्री, ब्राम्हण, नेवार, सुनुवार, राई, गुरुङ्ग तथा अन्य केही दलित (सार्की) जातिहरुको बसोबास छ । उनीहरुमध्ये धेरै जसो आफ्नो परम्परा अनुसारका धर्म, रीतिरिवाज र संस्कृतिहरु मान्दछन् । जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक-फरक पाईन्छ । यहाँ वसोवास गर्ने मानिसहरुको आफ्नै भाषा र भेषभुषा रहेको छ । सामाजिक परम्परा/छिमेकीको विवाह, भोज, व्रतवन्ध, मृत्यु जस्ता संस्कारहरुमा पनि यहाँका मानिसहरु आफ्नो रीतिथिती र परम्परा अनुसार नै चल्ने गर्दछ । यहाँका मानिसहरु दशैं, तिहार तथा अन्य चाडहरु मान्नुका साथै धार्मिक विविधता भए तापनि एक आपासमा घुलमिल भएर बस्ने गरेका छन् ।

गाविसमा गैरकृषि पेशामा सम्लग्न हुनेहरुको संख्या न्यून छ । बहुसंख्यक मानिसहरु कृषि पेशामा संलग्न रहेको तथ्याङ्कले देखाएको छ । यस गाविसमा प्रमुख नगदेवालीको रुपमा अदुवा खेती रहेको पाईन्छ । कृषि अन्तर्गत अन्न तथा तरकारी बाली, नगदेबाली, पशुपालन आदि पर्दछन् । यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, मकै, कोदो, गहुँ, फापर, आदि अन्नवाली हुन् भने तरकारी वालीमा आलु, प्याज, हरिया सागपातहरु पर्दछन् । दलहन अन्तर्गत यहाँ उत्पादन हुने कालो मास, स्थानीय भट्मास, बोडी उत्पादन हुने गर्दछन् । पशुपालनमा मुख्यतः गाई, गोरु, भैसी, राँगा, बाखा भेडा आदि पाल्ने गर्दछन् ।

गाविसको साक्षरता करीव ७८ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ७३ र पुरुष साक्षरता दर करीव ८३ प्रतिशत देखिन्छ । गाविसमा १० वटा सामुदायिक तथा ३ वटा निजी बिद्यालयहरु रहेका छन् भने सामुदायिक बिद्यालयहरुमा १७ शिक्षक दरबन्दी छ । गाविसबासीको स्वास्थ्य अवस्था हेर्दा केही गाउँबासीहरु अझै पनि प्रारम्भिक स्वास्थ्य उपचारको लागि धामी झाँक्रीकोमा जाने गर्छन् । यद्यपी स्वास्थ्य संस्थामा जानको लागि धेरै टाढा जानुपर्ने अवस्था भने छैन । खोप, मातृशिशु स्वास्थ्य तथा परिवार नियोजन सेवाको अवस्था ठीकै देखिन्छ । यस गाविसमा परम्परादेखि मानी आएको धर्म नै मान्ने गरेको देखिन्छ । गाविस स्रोतका अनुसार  ६६१ घरघुरीले हिन्दू धर्म, २८२ घरधुरीले बौद्ध र ८३ घरधुरीले किराँत धर्म मान्ने गरेको उल्लेख गरेका छन् । अन्य धर्म मान्नेहरु भने १७ घर रहेका छन् । त्यस्तै गाविसमा सबैभन्दा बढी ४५० घरधुरीले नेपाली भाषा बोल्छन् ।

अध्ययनको लागि छनौट भएका सुनुवार जातिहरु मुख्य गरेर यस गाविसको वडा नं २ मा क्षेत्री, मगर, तामाङ, र नेवार जातजातिसँगै बसोबास गरेको पाइन्छ । सुनुवारहरुको मुख्य बस्ती वडाको नरकटे, कालीखोला, जल्कने, कात्तिके, कवासे, कालीटार, थापाटार र भ्यागुते आदि टोलहरुमा रहेको छ । विभिन्न जातजातिहरुको संयुक्त बसोबास स्थल, एकआपसमा भएको भात्तृत्व र व्यवहारहरुले एक अर्कालाई प्रभाव पारेको पाइन्छ । जसअनुसार समाजमा हुने लैंगिक विभेद पनि जातजाति अनुसारकै रहेको अध्ययन क्षेत्रमा पाउन सकिन्छ । सुनुवार समुदायमा पनि समाजमा हुने अन्य जातिका महिलाहरुले सरह पुरुषको एकलौटी बचर्स्वबाट आफूहरु प्रभावित हुनुपरेको छ । गाउँ तथा समाजमा

हुने जातिय छुवाछुत र भेदभाव, वर्गिय उचनिच, लैंगिक दुर्व्यवहारहरुबाट यहाँका सुनुवार समुदायका महिलाहरु पनि अछुतो रहन सकेको छैन ।

### ४.३ घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरु

घरधुरी जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरुमा घरधुरी जनसंख्याको उमेर र लिंग, पारिवारको किसिम, वैवाहिक स्थिति, शैक्षिकस्तर, मुख्य पेशा, र धर्म तथा संस्कृतिलाई यस खण्ड अन्तर्गत प्रस्तुत गरिएको छ ।

#### ४.३.१ घरधुरी जनसंख्याको उमेर र लैंगिक संरचना

कुनै पनि तोकिएको निश्चित सिमाभित्र आवद्ध व्यक्तिहरुको विवरण वा संख्यालाई जनसंख्या भनिन्छ । घरधुरी जनसंख्याको कुरा गर्दा यहाँ जनसंख्याको संरचनालाई उमेरगत आधारमा तीन खण्डमा (०-१९ बर्ष, २०-५९ बर्ष र ६० बर्षभन्दा माथि) विभाजन गरी अध्ययन गरिएको छ । जसलाई तालिका ४.१ मा देखाइएको छ ।

**तालिका ४.१: उमेर र लिंगको आधारमा सुनुवार घरधुरी जनसंख्याको विवरण**

| उमेर समुह | लिंग | | | | जम्मा जनसंख्या (%) |
|---|---|---|---|---|---|
| | पुरुष | प्रतिशत | महिला | प्रतिशत | |
| ०-१९ | २८ | २६.९२ | ३३ | २८.२० | ६१ (२७.६०) |
| २०-५९ | ५६ | ५३.८४ | ६९ | ५८.९७ | १२५ (५६.५६) |
| ६० भन्दा माथि | २० | १९.२३ | १५ | १२.८२ | ३५ (१५.८३) |
| जम्मा | १०४ | १००.० | ११७ | १००.० | २२१ (१००.०) |

स्रोत: स्थलगत अध्ययन, २०६९

माथिको तालिका ४.१ अनुसार ०-१९ बर्ष उमेर समूहका घरधुरी जनसंख्याको पुरुष र महिला गरी जम्मा २७.६० प्रतिशत रहेको छ । त्यसैगरी २०-५९ वर्ष उमेर समुहमा महिला तथा पुरुषको संख्या सबैभन्दा बढि ५६.५६ प्रतिशत रहेको देखिन्छ । आर्थिक एवं सामाजिक हिसावले यो उमेर समूहका जनसंख्यालाई महत्वपूर्ण मानिन्छ । अर्कोतिर, ६० बर्ष वा सोभन्दा माथिका उमेर समूहका सुनुवार महिला तथा पुरुषको घरधुरी जनसंख्या भने जम्मा १५.८३ प्रतिशत मात्र रहेको छ ।

### ४.३.२ परिवारको किसीम

कुनै पनि ब्यक्ति जन्मेपछि पहिलो सम्पर्क उसको परिवारसँग हुन्छ । उसको रेखदेख लालन पालन परिवारमा नै हुन्छ । उसलाई कस्तो बनाउने भन्ने कुरामा परिवारकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसै कारणले गर्दा अन्य समुदायमा जस्तै सुनुवार समुदायमा पनि परिवार एक संस्थाको रुपमा रहेको हुन्छ । घरको जेठो पाकोले घरमुलीको रुपमा निर्णय गर्ने गरेको उनीहरुमा पनि पाइन्छ । यसैगरी परिवार सानो होस् र सुखी होस् भन्ने चाहाना त सबैले राख्दछन् । सुनुवार समुदायमा छोरी मानिसलाई इज्जतको भावनाले हेरिन्छ । एकै परिवारमा हजुरवा, हजुरअमा, बाबु, आमा, दाजु, भाउजु, फुपु, भदा, भदै सँगै बसेको संयुक्त परिवार पनि देखिन्छ । तर धेरै जसो घरमा एकल परिवार आमा, बुबा, छोरा छोरीमात्र बसेको पाइन्छ । अरुणठाकुर गाविसको सुनुवार समुदायको पारिवारिक बनोटलाई तालिका ४.२ बाट अझ स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.२: सुनुवार समुदायका घरधुरी उत्तरदाताहरुको पारिवारिक संरचना**

| परिवारको प्रकार एवं किसिम | घरधुरी संख्या | जम्मा प्रतिशत |
|---|---|---|
| एकल | १४ | ४३.७५ |
| संयुक्त | १८ | ५६.२५ |
| जम्मा | ३२ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिका ४.२ मा भएअनुसार सुनुवार जातिमा एकल वा सानो परिवारको ढाँचामा जम्मा १४(४३.७५%) घरधुरीहरु रहेका छन् । त्यसैगरी मध्यम खालको परिवार जहाँ ५ देखि ८ जनाको संख्यामा रहेको परिवार अर्थात संयुक्त परिवारिक ढाँचामा सबैभन्दा बढि १८(५६.२५%) घरधुरीहरु रहेका भेटिएका छन् । यसरी सुनुवार समुदायहरु बढि जसो संयुक्त परिवारिक ढाँचामा रहनुको कारण भने उनीहरु आफ्नो अविभावकहरुसँग सदैव रहन चाहनु हो भनेर उत्तरदाताहरुले बताउने गरेको पाइन्छ ।

अध्ययन क्षेत्रभित्र बसोबास गर्ने सुनुवार जातिका घरधुरीहरु धर्ममा निकै विश्वास गर्दछन् । महिलाहरुले विहान/बेलुका धुप बाल्ने र पूजा गर्ने गर्दछन् । यसका साथै समय समयमा आउने चाडपर्वहरु निकै हर्षउल्लासका साथ मनाउँने र समय-समयमा विभिन्न देव तिर्थ गर्ने लगाएत विभिन्न देवीदेवताहरुको पूजाआजा गर्ने गर्दछन् । अधिकांश सुनुवारहरु विभिन्न धर्मका देवीदेवताहरुप्रति सम्मान तथा विश्वास राख्दछन् । अध्ययनको क्रममा शतप्रतिशत सुनुवार घरधुरीहरु किराँत धर्ममा विश्वास गरेको देखियो ।

### ४.३.३ घरधुरी जनसंख्याको वैवाहिक स्थिति

विवाह एक सामाजिक संस्था हो जुन मानिसले आफ्नो वंश, परम्परा र समाजलाई निरन्तरता दिन उमेर पुगेकाहरुले आफै गर्ने वा अविभावकहरुले गरिदिने गर्दछ । अध्ययन क्षेत्रका सुनुवार समुदायका घरधुरी जनसंख्याको वैवाहिक स्थितिलाई हेर्ने हो भने तालिका ४.३ अनुसारको स्थिति त्यहाँ रहेको पाइन्छ ।

**तालिका ४.३: घरधुरी जनसंख्याको विवाहिक स्थितिको वितरण (१० बर्षभन्दा माथि)**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ५८ | ३२.७६ |
| अविवाहति | ८९ | ५०.२८ |
| विधवा/विदुर | २६ | १४.६८ |
| पारपाचुके गरेको | ४ | २.२५ |
| जम्मा: | १७७ | १००.० |

स्रोत: स्थलगत अध्ययन, २०६९

अध्ययन क्षेत्रभित्रको कुल २२१ घरधुरी जनसंख्यामध्ये ४४ जना १० बर्षभन्दा कम उमेर समूहमा रहेका छन् । यो उमेर समूहकालाई नाबालकको रुपमा हेरिने हुदा उनीहरलाई वैवाहिक सम्बन्धका बारेमा पनि सोधिदैन । घरधुरी उत्तरदाताहरुको वैवाहिक स्थितिलाई हेर्दा अधिकांश रुपमा (५०.२८%) अविवाहित हुनेहरुको संख्या बढी रहेका छन् । यसरी अविवाहित बढी हुनुमा सुनुवारहरुमा हाल ढिलो विवाह गर्ने प्रचलन बढी रहेको उत्तरदाताहरुले औल्याए । त्यस्तै विवाहित हुनेहरुको जनसंख्या केवल ३२.७६ प्रतिशत मात्र भेटिए भने १४.६८ प्रतिशत घरधुरी जनसंख्या विधवा वा विदुर रहेका छन् । त्यसैगरी विवाह भएर पनि श्रीमान/श्रीमतीबीच मनमुटाव भई अलग्गै वा सम्वन्द विच्छेद गरेर बसेका महिला तथा पुरुषहरु २.२५ प्रतिशत भेटियो । यसरी सम्बन्ध विच्छेद गर्नेहरुले भने कानुनी प्रक्रिया नअपनाउने गरेको पाइन्छ ।

### ४.३.४ घरधुरी जनसंख्याको शैक्षिक अवस्था

मानव जीवनमा शिक्षाको विशेष स्थान रहेको छ । भनिन्छ शिक्षा विनाको मानिस अन्धो समानको हुन्छ साथै राष्ट्रको उन्नती र विकासका लागि, मानव जीवनका आवश्यकता परिपूर्तिका लागि साथै विभिन्न नयाँ अध्ययन अनुसन्धानको लागि आदि विविध क्षेत्रमा शिक्षाको महत्वपूर्ण स्थान रहेको छ । अरुणठाकुर निवासी सुनुवार समुदायको शैक्षिक स्थितिको अध्ययन गर्दा प्राय:जसो एक चौथाई जनसंख्या अझै अशिक्षित नै देखिन्छन् । नेपालको सन्दर्भमा हेर्दासमेत ६ वर्ष र सो भन्दा माथिकालाई

साक्षरता मानिन्छ । तर यस अध्ययनमा भने जो लेखपढ गर्न मात्र सक्छ भने तिनलाई साक्षरमा राखीएको छ । अध्ययन क्षेत्रका सुनुवार जातिको घरधुरी जनसंख्याको शैक्षिक अवस्थालाई निम्न तालिका ४.४ बाट स्पष्ट पार्न खोजिएको छ ।

**तालिका ४.४: सुनुवार घरधुरी जनसंख्याको शैक्षिक अवस्था (६ बर्षभन्दा माथि)**

| शैक्षिक तह एवं स्तर | पुरुष | महिला | जम्मा (%) |
|---|---|---|---|
| निरक्षर | ८ | १८ | २६ (१३.१९) |
| साक्षर मात्रै | २० | १५ | ३५ (१७.७६) |
| प्राथमिक तह | २८ | ३४ | ६२ (३१.४७) |
| माध्यमिक वा एस.एल.सी | १९ | २६ | ४५ (२२.८४) |
| उच्च माध्यमिक तह | १० | १० | २० (१०.१५) |
| स्नातक तह वा सोभन्दा माथि | ५ | ४ | ९ (४.५६) |
| जम्मा | ९० | १०७ | १९७ (१००.०) |

स्रोत: स्थलगत अध्ययन, २०६९

माथि उल्लेखित तालिका ४.४ अनुसार सुनुवार समुदायका कुल घरधुरी जनसंख्याको १३.१९ प्रतिशत मात्रै निरक्षर रहेका छन् भने साधारण लेखपढ् गर्न सक्नेहरु १७.७६ प्रतिशत रहेको छ । त्यसैगरी प्राथमिक तहको अध्ययन पुरा गर्नेहरु सबैभन्दा बढी ३१.४७ प्रतिशत रहेको पाइयो भने माध्यमिक तह वा एस.एल.सी. सम्मको पढाई पुरा गर्नेहरु २२.८४ प्रतिशत रहेको छ । उच्च माध्यमिक तहको शिक्षा पुरा गर्नेहरु १०.१५ प्रतिशत र स्नात्तक वा सोभन्दा माथिको शैक्षि उपाधि प्राप्त गर्नेहरु जम्मा ४.५६ प्रतिशत मात्र रहेको छ । यसबाट के देखिन्छ भने अधिकांश सुनुवारहरु माथिल्लो तहको उच्च शिक्षा प्राप्ति गर्ने दरमा क्रमशः घट्दो क्रममा रहेको देखिन्छ ।

### ४.३.५ घरधुरी जनसंख्याको पेशागत विवरण

गाँस, बास र कपासको परिपूर्तिको लागि अर्थात बाँच्ने र बचाउने प्रक्रियामा हरेक व्यक्तिहरुले कुनै न कुनै पेशा अवश्य गर्ने गरेको हुन्छ । खासगरी सामाजिक रुपमा सुनुवार समुदायको पनि आफ्नो पुर्खौली पेशाहरु रही आएको समाजमा देखिन्छ । अध्ययन क्षेत्रमा रहेका सुनुवार घरपरिवारहरुको आफ्नै पुर्खौली पेशा भएता पनि अन्य पेशामा समेत उनीहरुको संलग्न रहेको छ । आयस्रोतका लागि उनीहरुले खेतीपाती वा ज्यालामजदुरी लगायत वैदेशिक रोजगार, स्थानीय संघसंस्था तथा विद्यालयहरुमा नोकरी गरी जीवन चलाउने गरेको देखिन्छ । तालिका ४.५ मा सुनुवार घरधुरी जनसंख्याको पेशागत विवरणलाई उल्लेख गरिएको छ ।

**तालिका ४.५: सुनुवार समुदायका घरधुरी जनसंख्याको पेशागत विवरण (१० बर्षभन्दा माथि)**

| मुख्य पेशा | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ६२ | ३५.०२ |
| अध्ययन | ३४ | १९.२० |
| ज्याला मजदुरी | २० | ११.२९ |
| घरायसी काम गर्ने | २० | ११.२९ |
| वैदेशिक रोजगार | १८ | १०.१६ |
| राजनीति वा समाजसेवा | ९ | ५.०८ |
| अशक्त | ७ | ३.९५ |
| नोकरी | ५ | २.८२ |
| व्यापार | २ | १.१२ |
| जम्मा | १७७ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६९

माथिको तालिका ४.५ अनुसार अधिकांश सुनुवार जातिहरुले कृषि कार्यलाई आफ्नो मुख्य पेशा मानेको देखिन्छ जुन् कुल घरधुरी जनसंख्याको ३५.०२ प्रतिशत छ । त्यस्तै अध्ययनलाई पेशा बताउनेहरु

१९.२० प्रतिशत रहेको छ जुन अधिकांश स्कूले केटाकेटीहरु हुन् । ज्यालादारी र घरायसी काम गर्नेहरुको प्रत्येक ११.२९ प्रतिशत रहेको छ भने वैदेशिक रोजगारमा जानेहरु १०.१६ प्रतिशत, समाजसेवा वा राजनीति रोज्नेहरु ५.०८ प्रतिशत, अशक्त ३.९५ प्रतिशत, नोकरी गर्नेहरु २.८२ प्रतिशत र स-साना व्यापार गर्नेहरु १.१२ प्रतिशत रहेका देखिन्छन् ।

सुनुवार जातिले पशुपालनलाई कृषिको परिपुरकको रुपमा लिइएको देखिन्छ । खेतवारीमा हाल्ने मल, जमीन जोत्ने, अन्नवाली, ओसार्ने जस्ता कार्यमा गोरु, राँगालाई प्रयोग गरिन्छ । त्यसैले पशुपालन र कृषि एकआपसमा परिपुरकको रुपमा लिइन्छ । यस क्षेत्रमा गाई, भैसी, दुधको लागि पालिने गरिएको छ । गोरु र राँगा जोत्नको लागि पाल्ने गरिन्छ भने खसी, बोका, बंगुर, हाँस, कुखुरा, परेवा, वनेल मासु र आम्दानीको लागि पाल्ने गरिएको छ । किनकी यसबाट नगद व्यापार छिटो हुने र आर्थिक आम्दानी बढी हुने हुनाले उत्तरदाताहरूले बाखा, कुखुरा, सुँगुर र परेवा पालनलाई बढी जोड दिएका छन् । त्यसैगरी जोत्नको लागि राँगा, गोरु तथा दहि र दुध खानको लागि गाई र भैसी पनि प्रसस्तै पाल्ने गरेको छ । हेरचाहको लागि महिलाहरु बढी नै व्यस्त रहेको देखिन्छ भने जमीन जोत्ने कार्यको लागि पुरुषहरु व्यस्त छन् । यसरी हाट बजारै पिच्छे खसी बोका, सुगुर, कुखुरा, परेवा, हाँस बिक्रि गरि आम्दानी मनग्गे गर्ने गरेका छन् र बाली खनजोत, गोडमेलमा ज्यालादारी र पर्मको पनि चलन रहेको पाइन्छ ।

अध्ययन क्षेत्रभित्र सुनुवार समुदायहरूको बीचमा हुने श्रम विभाजन र निर्णय गर्ने तरिकामा खास गरी कृषि, पशुपालन, तरकारी खेतीमा बढी श्रम महिलाहरूले गर्ने गरेको पाइयो । विउ छर्ने, गोडमेल गर्ने, बाली काट्ने काममा लगभग ६०.० प्रतिशत भन्दा बढी महिलाहरूको संलग्नता पाइएको छ भने व्यापार गर्ने, विक्रि वितरण केन्द्रमा पुऱ्याउने र नगद कारोबारमा पुरुषहरूको बढी संलग्नता देखिन्छ । खेतवारीमा बाली हेरचाह गर्ने, गोडमेल गर्ने, बाली काट्ने किटनासक औषधि प्रयोग गर्ने कार्यमा महिला तथा बालबालिकाहरूको पनि संलग्नता रहेको छ भने खेतवारीमा पानी पटाउने र अन्न वाली लोड/अनलोडमा पुरुषहरूको संलग्नता बढी छ । तर निर्णय प्रक्रियामा भने महिलाहरुको ४०.० प्रतिशत मात्र संलग्नता भएको देखिन्छ । श्रममा पुरुषको ४०.० प्रतिशत संलग्नता हुदा निर्णय प्रक्रियामा भने ६०.० प्रतिशत रहेको छ तापनि जमिन जोत्ने कार्यमा भने शतप्रतिशत पुरुषहरु नै

संलग्न रहने गरेको छ । बजार, व्यापारिसँग लेनदेन र उत्पादित अन्नबाली, पशुपालन, फलफुल र तरकारीको विक्रीबाट प्राप्त रकम पुरुषले नै लिने गरेका छन् भने बाखा पाठा, खसी बोका, हाँस, कुखुरा, भैसी जस्ता जनावर र पशुपंक्षी महिलाहरूले दाइजो तथा पेवाको रुपमा प्रयोग गरि अध्ययन क्षेत्रका करिब ६०.० प्रतिशत सुनुवार महिलाहरूले आर्थिक लाभ गरी बचत गर्ने र आयआर्जन समूह गठन गरी रकम बचत गरि ऋण लगानी गर्ने गरेको र त्यसबाट थप प्राप्त नगदबाट गरगहना र केही जमिन खरिद गरी आफ्नो स्वामित्वमा समेत राख्ने गरेका पाइन्छ । यसरी समग्रमा भन्नुपर्दा श्रममा महिला संलग्नता बढी र निर्णय प्रक्रियामा पुरुष भए पनि महिलालाई प्रसस्तै अवसर र निर्णय प्रक्रियामा सहभागी गराउने संस्कारको विकास भने तीव्रगतिमा हुने गरेको स्थानीयहरुले छलफलका क्रममा बताउने गरेका छन् ।

**तालिका ४.६: सुनुवार समुदायका घरधुरीहरुसँग भएको जग्गाजमिनको स्थिति**

| जग्गाको परिमाण | जम्मा घरधूरी | प्रतिशत |
|---|---|---|
| १ विगाहा भन्दा कम | ७ | २१.८७ |
| १-२ विगाहा | ९ | २८.१२ |
| २-३ विगाहा | १२ | ३७.५ |
| ३ विगाहा भन्दा माथि | ४ | १२.५ |
| जम्मा | ३२ | १००.० |

स्रोत: स्थलगत अध्ययन, २०६९

माथिको तालिका ४.६ अनुसार सुनुवार घरधुरीसँग रहेको कुल जमिनको स्थितिलाई मोटमोटी उल्लेख गरिएको छ जसमा ८५ विगाहा जमिन खेतीयोग्य रहेको छ । अधिकांश घरधुरी जनसंख्याहरु कृषि पेशामा निर्भर रहेको कारण उनीहरुसँग कृषिको लागि के कति जमिन रहेको छ भन्ने कुरा थाहा पाउन आवश्यक थियो । जस्मध्ये सबैभन्दा बढी (३७.५%) घरधुरीसँग केवल दुई देखि तीन विगाहा मात्र जमिन रहेको पाइयो । त्यसैगरी २८.१२ प्रतिशतसँग एक देखि दुई विगाहाको हारहारीमा जमिन रहेका छन् २१.८७ प्रतिशतसँग एक विगाहा भन्दा कम जमिन रहेको छ । तीन विगाहा भन्दा केही बढी जमिन हुनेहरुको प्रतिशत १२.५ मात्र रहेको छ ।

**तालिका ४.७: घरधुरी जनसंख्यालाई बार्षिक खाद्यान्नको पर्याप्तता**

| **खान पुग्ने महिना** | **जम्मा घरधूरी** | **प्रतिशत** |
|---|---|---|
| १-६ महिना | ८ | २५.० |
| ६-१२ महिना | १४ | ४३.७५ |
| १२-महिना भन्दा बढी | १० | ३१.२५ |
| जम्मा | ३२ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६९

तालिका ४.७ अनुसार जम्मा ३२ सुनुवार घरधुरीहरुले जीविकोपार्जनका लागि अंगालेका पेशा, पशुपालन र आफूसँग भएको जमिनको उत्पादनले बार्षिकरुपमा आफ्नो परिवार धान्न पर्याप्त खाद्यन्न उपलब्ध गराउन सक्छ वा सक्दैन भन्ने कुरालाई समेत हेरिएको थियो । जस्मध्ये १४ घरधुरीलाई मात्र आफु र आफ्नो घरपरिवारले अपनाएको पेशा र आफुसँग भएका जग्गाको उब्जनीले बाह्रै महिनासम्म धान्न सक्ने देखिन्छ भने १० घरधुरीलाई त उत्पादित तरकारी एवं अन्न बेचबिखन गरी प्रशस्त आर्थिक आम्दानी गर्ने अवस्था समेत रहेको छ । अर्कोतिर, ८ घरधुरीहरुलाई आफूले अपनाएको पेशा र आफ्नो जग्गाबाट उत्पादित भएको अन्नले १-६ महिनासम्म मात्र धान्ने पनि देखिन्छ । तीमध्ये पनि लगभग सबै स्थानीय तहमा ज्याला मजदुरी गरी आफूलाई अरुसरह जीवन निर्वाह गर्ने गरेको पाइन्छ भने ठूलाबडाहरूले पनि स्थानीय व्यक्तिहरुलाई स्थानीय रोजगारीको अवसर दिने गरिएको पाइयो । यसबाट के देखिन्छ भने सुनुवार समाजका व्यक्तिहरु सामन्य आर्थिक हैसियतमा देखिन्छ ।

## ४.४ उत्तरदाताहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विशेषताहरु

यस खण्डमा उत्तरदाताको रुपमा छानिएका सुनुवार महिलाहरुको उमेर, शिक्षा, सामाजिक-सांस्कृतिक तथा आर्थिक अवस्थाहरुको बारेमा विस्तृत चर्चा गरिएको छ ।

### ४.४.१ उत्तरदाताहरुको उमेर

अध्ययनका लागि छनौटमा परेका विवाहित सुनुवार महिला उत्तरदाताहरूको उमेरगत अवस्था हेर्ने हो भने १९ वर्ष भन्दा कम उमेर समूहमा ४ जना अर्थात १२.५ प्रतिशत, २०-५९ वर्ष उमेर समूहमा २१ जना अर्थात ६५.६२ प्रतिशत रहेका छन् । त्यसैगरी ६० वर्ष भन्दा बढी उमेर समूहमा ७ जना अर्थात २१.८७ प्रतिशत उत्तरदाताहरु रहेको छ । जसलाई तलको तालिका ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ : उत्तरदाताहरूको उमेरगत विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १९ बर्ष भन्दा कम | ४ | १२.५ |
| २०-५९ बर्ष | २१ | ६५.६२ |
| ६० भन्दा बढी | ७ | २१.८७ |
| जम्मा | ३२ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०६९

माथिको तालिका ४.८ लाई बिश्लेषण गर्दा अध्ययन क्षेत्रका ३२ जना सुनुवार महिला उत्तरदाताहरु विभिन्न उमेर समूहभित्र रहेका छन् । जस्मध्ये सबैभन्दा धेरै २० देखि ५९ बर्ष उमेर समूहका छन् । यो उमेर समूहका महिलाहहरुले आफ्नो उमेरसँगै घरगृहस्थी सम्हाल्न शुरु गर्ने गर्दछन् भने बढी जसो यही उमेरमा नै उनीहरुको विवाह पनि हुन्छ । काम र जिम्मेवारीको हिसावले यो उमेरलाई परिपक्व मानिन्छ भने यसै उमेरमा उनीहरुले घरपरिवार र समाजबाट हुने विभिन्न प्रकारका हिंसा र दुर्व्यवहारका घटनाहरु सहन गर्ने पनि गर्दछन् ।

सुनुवार महिलाहरूको विवाहित उमेरलाई हेर्दा १२ जना अर्थात् ४३.७५ प्रतिशत उत्तरदाताहरुले १९ बर्ष भन्दा कम उमेरमा विवाह गरेको देखिन्छ भने १० जना अर्थात ३१.२५ प्रतिशतको २०-२४ बर्षमा विवाह भएको पाइयो । त्यसैगरी २५-२९ बर्षभित्र विवाह गर्नेहरु ६(१८.७५%) जना रहेका छन् भने २(६.२५%) जनाले ३० बर्षपछि मात्र विवाह गरेको देखिन्छ (तालिका ४.९) ।

### तालिका ४.९ : उत्तरदाताहरुको वैवाहिक उमेर

| विवाहित उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| १९ बर्ष भन्दा कम | १४ | ४३.७५ |
| २०-२४ | १० | ३१.२५ |
| २५-२९ | ६ | १८.७५ |
| ३० भन्दा बर्ष माथि | २ | ६.२५ |
| जम्मा | ३२ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०६९

तालिका ४.९ लाई विश्लेषण गर्दा सुनुवार समुदायका अधिकांश महिलाहरुको विवाह सानै उमेरमा भएको देखिन्छ। कमजोर आर्थिक अवस्था र शैक्षिक चेतनाका कमीको कारणले आफ्नो गाउँ, घर तथा समाजमा चाडै विवाह गरिदिने वा आफै गर्ने प्रचलन रहेको छ । यसरी सानै उमेरमा हुने विवाहले उनीहरुको प्रजनन् क्षमतामा असर पार्नुका साथै घरमुलीबाट सानै उमेरदेखि घरेलु हिंसाजन्य घटनाहरुबाट प्रताडित् हुने संम्भावना बढी देखिन्छ। घरमा श्रीमान्, सासू/ससुरा तथा परिवारका अन्य सदस्यहरुबाट हुने दुव्यवहारहरु विरुद्ध उमेरकै कारणले खुलेर प्रतिवाद गर्ने साहस उनीहरुमा हुदैन । तसर्थ यस्ता स-साना उमेर देखि नै उनीहरु हिंसाजन्य व्यवहारबाट प्रताडीत हुने गरेको उनीहरु स्वीकार्छन् ।

### ४.४.२ उत्तरदाताको शैक्षिक अवस्था

शिक्षा एक मार्गदर्शनको आधार हो र मानव मात्रको ज्ञान र चेतनाको मुहान हो। शिक्षाले नै मानिसको भविष्य उज्ज्वल र अप्ठ्यारा परिस्थितिसँग जुघ्न सक्ने र विवेकी बनाउँछ। त्यसैले एउटा उन्नत सभ्य समाज स्थापनाको लागि महिला र पुरुषको समान शिक्षाको आवश्यकता पर्दछ । तर पनि सुनुवार महिलाहरूको शैक्षिक अवस्था पुरुषको तुलनामा ज्यादै कम देखिन्छ । विगतको तुलनामा हाल आएर शिक्षाको महत्वप्रति नेपाली समाज सचेत हुन थालेको छ तर पनि अझै ग्रामीण क्षेत्रका महिलाहरू शिक्षाको अवसरबाट वन्चित हुनुपरेको स्थिति देखिन्छ । यस क्षेत्रका सुनुवार महिला उत्तरदाताहरुको

शैक्षिक स्थिति भने बिद्यालय तहसम्मको मात्र देखिन्छ । समग्रमा औपचारिक शिक्षा हासिल गरेका सुनुवार महिला उत्तरदाताहरुको संख्या बढी रहेको पाइयो । तालिका ४.१० मा उत्तरदाताहरुको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ ।

**तालिका ४.१०: उत्तरदाताको शैक्षिक विवरण**

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | २ | ६.२५ |
| साक्षर | १० | ३१.२५ |
| प्राथमिक तह | १० | ३१.२५ |
| माध्यमिक तह | ८ | २५.० |
| उच्च माध्यमिक तह | २ | ६.२५ |
| जम्मा | ३२ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०६९

सुनुवार महिलाहरूको शैक्षिक अवस्थालाई प्रस्ट्याउने प्रयास गरिदा कुल ३२ उत्तरदाताहरु मध्ये निरक्षरको संख्या जम्मा ६.२५ प्रतिशत, साक्षर मात्र हुनेहरु ३१.२५ प्रतिशत, प्राथमिकस्तरको पढाई पुरा गरेका महिलाहरुको संख्या ३१.२५ प्रतिशत, माध्यमिक तहको २५.० प्रतिशत र उच्च माध्यमिक तहको शिक्षा पुरा गर्नेहरु ६.२५ प्रतिशत मात्र रहेका देखिन्छन् (तालिका ४.१०) ।

### ४.४.३ आर्थिक अवस्था

नेपालको अर्थ व्यवस्थाको मेरुदण्ड नै कृषि हो । नेपालको अधिकांश भाग ग्रामीण पहाडी क्षेत्रमा पर्दछ । जहाँ ८० प्रतिशत जनसंख्याको जीवनको प्रमुख आधार नै कृषि रहेको छ । हाल आएर कृषि कार्यका अलावा व्यापार र नोकरीतर्फ मानिसहरु लागेको पाइन्छ । त्यस्तै अध्ययन क्षेत्रका अधिकांश परिवारको पेसा पनि कृषि नै रहेको छ भने त्यस पछि मजदुरी गर्नेको संख्या बढी छन् । जागिर तथा ब्यापार

व्यवसाय गर्नेहरु भने निकै कम देखिन्छ। धेरैजसो उत्तरदाता महिलाहरुको स्वआर्जनको माध्यम कृषि नै देखिन्छ।

**तालिका ४.११ : उत्तरदाताहरूको पेशागत विवरण**

| मुख्य पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १५ | ४६.८७ |
| जागिर (नोकरी) | २ | ६.२५ |
| व्यापार | १ | ३.१२ |
| ज्याला मजदुरी | ८ | २५.० |
| सामाजिक सेवा | २ | ६.२५ |
| घरायसी | ४ | १२.५ |
| जम्मा | ३२ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०६९

उत्तरदाताका रुपमा रहेका सुनुवार महिलाहरुले आफ्नो परिवार धान्नको लागि ४६.८७ प्रतिशतले कृषि कार्य नै गर्ने गरेको देखिन्छ (तालिका ४.११)। त्यस्तै ६.२५ प्रतिशतले शिक्षिकाको जागिरलाई नै मुख्य पेशाको रुपमा लिएका रहेछन्। तरकारी बेच्ने, कपडा र अन्य किराना पसल आदिको व्यापार गर्दै आएका उत्तरदाताको संख्या १(३.१२%) जना, ज्याला मजदुरी गर्दै आएका ८(२५.०%) जना, स्थानीय क्षेत्रको विकास कार्यमा संलग्न २(६.२५%) जना र घरायसी कामकाजलाई आफ्नो पेशा भएको मान्ने उत्तरदाताहरु ४(१२.५%) जना रहेको पाइयो।

अध्ययन क्षेत्रको उत्तरदाताहरूको मुख्य पेशा कृषि भएकोले त्यहाँ सिंचाइको राम्रो व्यवस्था भएकाले सिजन अनुसारको वर्षे र नगदेवाली साथै फलफुल तथा तरकारी खेतीहरू प्रसस्तै भएको पाइयो। यस क्षेत्रमा रहेका सुनुवार जातिहरूमा सबैभन्दा बढी जग्गा हुने घरपरिवारहरुसंग सरदर तीन बिगाहासम्म जमिन रहेका पाइयो भने थोरै हुनेहरुको पनि १५ कट्ठासम्म रहेको छ। यसरी हेर्दा थोरै जमिन भएपनि सिचांइले गर्दा बार्षिक २/३ बाली खेती हुन गरेको छ भने बढी मात्रामा हाइब्रिड खेती, विकासे मल र

किटनाशक औषधिको प्रयोगले गर्दा जमीनको उत्पादन क्षमतामा भने ह्रास आउन थालेको पाइयो । अध्ययन क्षेत्रका उत्तरदाताहरुको घरपरिवारसँग जग्गाजमिन रहे पनि सुनुवार महिलाहरुको स्वामित्वमा के कति रहेको छ भन्ने बारे तलको तालिका ४.१२ मा देखाइएको छ ।

**तालिका ४.१२: उत्तरदाताहरूको स्वामित्वमा रहेको जग्गाजमिनको परिमाण**

| जग्गाको परिमाण | जम्मा घरधुरी | प्रतिशत |
|---|---|---|
| १-३ कट्ठा | १२ | ३७.५ |
| ४-६ कट्ठा | ९ | २८.१२ |
| ७-९ कट्ठा | ४ | १२.५ |
| १० कट्ठा भन्दा माथि | ७ | २१.८७ |
| जम्मा | ३२ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६९

माथिको तालिका ४.१२ अनुसार उत्तरदाताहरुको स्वामित्वमा रहेको कूल खेती गरिने जमिनलाई मोटामोटी हिसाबले कट्ठामा विश्लेषण गरीएको छ । अधिकांश महिलाहरुसँग एक देखि तीन कट्ठासम्म जमिन उनीहरुको नाममा रहेका कुरा उनीहरुले बताए । त्यसैगरी चार देखि छ कट्ठासम्म जमीन हुनेहरु २८.१२ प्रतिशत रहेका छन् भने सात देखि नौ कट्ठासम्मको स्वामित्व हुनेहरु १२.५ प्रतिशत देखिन्छन् । २१.८७ प्रतिशतसँग भने १० कट्ठा भन्दा बढी जग्गाजमिन आफ्नो नाममा रहेको कुरा बताए ।

**अध्याय-पाँच**

# महिलाले भोगेको हिंसा र हिंसाको प्रकार र त्यसका कारणहरु

प्रस्तुत अध्ययमा महिलामाथि हुने हिंसासम्वन्धी सुनुवार महिला उत्तरदाताहरुको धारणालाई बुझ्ने प्रयास स्वरुप उनीहरुको विचारलाई समेटी सुक्ष्म रुपले प्रस्तुत गरिएको छ । त्यसैगरि सुनुवार महिलामाथि हुने हिंसाको स्वरुप एवं प्रकार, हिंसा हुनुको खास कारण र सुनुवार महिलाहरुले हिंसालाई सहनुपर्ने मुख्य सामाजिक तथा आर्थिक कारणहरुको खोजी गरी विस्तृत रुपमा वर्णन एवं व्याख्या गरिएको छ ।

## ५.१ महिला हिंसासंम्बन्धी सुनुवार महिलाहरुको धारणा

अरुणठाकुर गाविसका अधिक सुनुवार महिलाहरू श्रीमान र परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । श्रीमान शिक्षित भए पनि खराब संगतका कारण अत्याधिक रक्सी सेवन गरी श्रीमतीलाई शारीरिक र मानसिक दुवै यातना दिएका छन् भने परिवारका अन्य सदस्य सासू, ससुरा, नन्द र देवरबाट समेत मानसिक यातना भोग्दै आएका छन् । विधवा महिलाहरू परिवार देखि समाजबाट समेत अपहेलित भएको कुरा शतप्रतिशत उत्तरदाताहरुले स्वीकारेका छन् । तर समग्रमा हेर्दा अधिक महिला श्रीमानबाट हिंसा पीडित बनेको पाइयो भने सासु, ससुरा, जेठानी, आमाजू, नन्द, लगायत परिवारका सदस्यहरुले घरको कामको विषयलाई लिएर गालीगलौज गरेको तथा श्रीमानलाई कुरा लगाइ पिट्न लगाएको पाइएको छ । विधवा महिलालाई देवरले ज्यान मार्ने धम्की दिने गरेको, सामाजिक रुपमा उनीहरु हेला र घृणाको पात्र बन्ने गरेको पाइएको छ । सकेसम्म सहेर बस्नु पर्ने, श्रीमान तथा परिवारका सदस्यहरुको विरुद्ध उजुरी गरेर फाइदा नभएको धारणा उत्तरदाता महिलाहरूबाट राख्ने गरेको पाइयो ।

अध्ययन क्षेत्रभित्रका शतप्रतिशत महिलाहरुले महिलामाथि हुने हिंसा तथा दुर्व्यावहारहरुलाई कुनै न कुनै ढंगबाट राम्ररी नै बुझेका छन् । प्रथम त महिलामा हुने शिक्षाको कमी, आर्थिक गरिबी, महिलालाई आफ्ना अधिकारप्रति सचेत बनाउने प्रयास नहुँदा सुनुवार महिलाहरु हिंसाबाट पिडित् भएको स्वीकार्छन् । समाजमा महिलालाई हेर्न परम्परागत सोच, मूल्य मान्यतामा परिवर्तन ल्याउने खालका कार्यक्रम

संचालन गर्नुपर्ने महिला हिंसा अन्त्यका लागि महिला पुरुष ऐक्यबद्ध भई अघि बढ्नु, महिलालाई सीपमुलक तालिमहरू प्रदान गरेर आत्मनिर्भर बनाउन जरुरी देखिन्छ । जसले गर्दा पुरुषमाथिको आत्मनिर्भरतामा कमी आउँने र हिंसाको कमी हुने कुरालाई समेत अधिकांश उत्तरदाताहरुले मनन् गरेको पाइयो । सीपमूलक तालिमले आय आर्जनको बाटो खोलिदिने हुँदा महिलाले आफूमा आत्मविश्वास जगाउन सक्ने हुन्छ सोही कारणले हिंसा सहेर बस्ने बाध्यता नरहने धारणा शतप्रतिशत उत्तरदाताहरुको रहेको छ ।

हिंसा भनेको सबैको लागि खराव हो भन्ने कुरामा समेत शत्प्रतिशत सुनुवार महिलाको बुझाई रहेको छ । घरेलु हिंसाका दोषीलाई कानुनी दायराभित्र ल्याउनका लागि घरेलु हिंसा नियन्त्रण सम्बन्धी कानुन यथाशिघ्र पारित भई लागु गर्न आवश्यक देखिन्छ । महिलालाई हेर्ने रुढिवादी मूल्य मान्यतामा परिवर्तन गर्दै महिलालाई आर्थिक रुपमा सुदृढ, शिक्षित तथा आत्मनिर्भर गराउने तर्फ सबैको ध्यान केन्द्रित हुन आवश्यक छ भने विद्यमान लैङ्गिक धारणाहरू हटाउने र लैङ्गिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रम ल्याउन जरुरी भएको छ, तब मात्र हिंसा कम गर्न सकिन्छ भन्ने धारणा उत्तरदाताहरूको रहेको छ ।

## **५.२ सुनुवार समुदायका महिलाहरुमा हुने हिंसाका प्रकारहरू**

सुनुवार महिलाहरुको भनाईलाई लिंदा अध्ययन क्षेत्रभित्र पाँच प्रकारको महिला हिंसाका स्वरुपहरु रहेका पाइयो । मुख्यगरी *'कुटपिट', 'गालीगलौज', 'यौन दुर्व्यवहार', 'यौन शोषण' र 'गर्भपतन'* हुन् भने अन्यमा *'खानपिनमा भेदभाव' र 'नबोल्ने'* आदि पर्दछन् । यी पाँचै प्रकारको हिंसाजन्य व्यवहारहरु सुनुवार महिलाहरुको घरपरिवारमा रहेको देखिन्छ । अध्ययन क्षेत्रका सुनुवार महिलाहरु बहुप्रकारको हिंसाहरु सहनु बाध्य भएको उनीहरुले बताए भने एउटामात्रै हिंसाबाट नभई कम्तीमा २/४ वटा हिंसाका घटनाहरुबाट आफूहरु पिडित् हुनुपरेको समेत उनीहरु बताउछन् । जसमा गालीगलौजका घटना सबैभन्दा बढी भएका र त्यसबाट पिडित् हुनेहरु पनि बढी नै देखिन्छन् । तसर्थ अध्ययन क्षेत्रभित्र बहुप्रकारका हिंसाहरु देखिने र सुनुवार महिलाहरु बढीजसो आफ्नो श्रीमान, सासु/ससुराबाट पिडित भएको उनीहरुको भनाई रह्यो ।

**तालिका ५.१ : सुनुवार महिलामाथि हुने हिंसाको प्रकार त्यसबाट प्रताडित हुनेहरुको विवरण**

| हिंसाको प्रकार | प्रताडित हुनेहरुको जम्मा संख्या र प्रतिशत | |
|---|---|---|
| | संख्या (३२) | प्रतिशत (१००.०) |
| कुटपिट | १२ | ३७.५ |
| गालीगलौज | २२ | ६३.७५ |
| यौन दुर्व्यवहार | १६ | ५०.० |
| यौन शोषण | ११ | ३४.३७ |
| गर्भपतन | ८ | २५.० |
| अन्य (नबोलिदिने, खानपिनमा भेदभाव र छेडछाड गर्ने) | ६ | १८.७५ |

स्रोत : स्थलगत अध्ययन, २०६९

तालिका नं ५.१ मा अध्ययन क्षेत्रभित्र हुने हिंसाको प्रकार र त्यसबाट प्रताडित हुनेहरुको संख्या र प्रतिशतलाई प्रस्तुत गरिएको छ । गालीगलौजलाई सामन्य रुपमा लिइदिदां कालान्तरमा यसले मानसिक पीडा दिएको वा गालीगलौज नै हिंसाका प्रमुख स्रोत एवं स्वरुप भएका बताउने उत्तरदाताहरु कुल ३२ मा ६३.७५ प्रतिशत रहेका छन् । यसरी गालीगलौज नै हिंसाको प्रमुख कारण बन्नुमा दुई परिवारहरुको बीचमा भएको अमिल्दो सामाजिक हैसियत् र बुहारीले सासूप्रति गरिने आदरभाव वा सत्कारबीच असन्तुलन हुदा प्रकट भएको पाइन्छ । यसैगरी यौन दुर्व्यवहारजन्य हिंसाबाट पनि महिलाहरु बढि नै पीडित भएको देखिन्छ जसका कारण ५०.० प्रतिशत पिडीत रहेका छन् । आफ्नै श्रीमानले जुनसुकै समयमा जथाभावी ठाउँ कुठाउँ हातपात गर्ने व्यवहारलाई दुर्व्यवहारको रुपमा सुनुवार महिलाहरुले भोगेका छन् । यस्ता यौन दुर्व्यवहारहरु घरभित्र मात्रै नभई घरबाहिर रहने छिमेकी पुरुषहरुले समेत गर्ने गरेको महिलाहरु बताउछन् । जाँडरक्सीको अत्याधिक प्रयोग पश्चात हुने घटना र घरका सदस्यहरुले आफ्नै श्रीमानलाई विभिन्न बाहनाका कुरा लगाई कुटपिट गराउने घटनाबाट ३७.५ प्रतिशत सुनुवार महिलाहरु प्रभावित भएको पाइयो । यौन शोषणजन्य हिंसामा पिडीत महिलाहरु ३४.३७ प्रतिशत रहेका छन् । आफ्नो ईच्छा विपरीत जुनसुकै समयमा श्रीमानले यौन सम्बन्ध राख्ने र

आफ्नो ईच्छा पुरा भएपछि वास्ता नगर्ने कारण उनीहरुले यौनशोषण सहनु परेको छ । गर्भपतनलाई हिंसा मान्ने र यसबाट पीडित महिलाहरु २५.० प्रतिशत रहेको छ । र, अन्य प्रकारका सामान्य हिंसाहरुः जस्तै कोट्याउने, छेडछाड पूर्ण भनाई, नबोलीदिने तथा सँगै खानपिनमा बस्दा भेदभावहरु हुने आदिबाट, १८.७५ प्रतिशत सुनुवार महिलाहरु प्रताडित भएका छन् ।

तालिका ५.१ लाई थप विश्लेषण गर्दा महिलामाथिको हिंसा नेपाली समाजमा शताब्दीऔ देखि रहिआएको यथार्थ सर्वविदितै छ । यस्ता विकृति र विसङ्गतिहरूलाई हटाउन समाजमा रहेका हरेक तह र तप्काबाट उचित कदम चालिनुपर्ने अपरिहार्यता रहेको देखिन्छ । सुनुवार महिलाहरू प्रायः शारीरिक तथा मानसिकरुपले प्रताडीत हुने गरेको पाइएको छ । यहांका महिलामाथि हुने हिंसा अन्तर्गत विशेषगरी कुटपिट, गालीगलौज, श्रीमानबाट बढी यौन शोषण गर्ने, खान लाउन नदिई घरबाट निकाला गर्ने, जबर्जस्ती हातपात, गर्भपतन आदि पर्दछन । यी मध्ये धेरैजसो कुटपिट, गालीगलौज वा दुबैबाट पिडित हुनेको संख्या केही बढी रहेको पाइन्छ ।

### ५.३ सुनुवार महिलामाथि हिंसा हुनुका कारणहरू

सामान्यतः समाजमा हुने हिंसाका मुख्य कारणहरु सामाजिक, आर्थिक तथा शैक्षिक कारणहरु नै बढी जिम्मेवार रहेका छन् । यसबाट सुनुवार समाज पनि अछुतो रहेको छैन । सुनुवार समुदायमा पनि छोराछोरीमा गरिने भेदभाव, महिलाहरुलाई बोक्सीको आरोप लाग्नु, आमाबुबाको काजक्रियामा प्रमुख भूमिका नहुनु आदि सामाजिक तथा सांस्कृतिक कारणहरु रहेका छन् । भूःस्वामित्व, पैतृक सम्पत्ति र निर्णय प्रक्रियामा महिलाहरुको नियन्त्रण नहुनु तथा अनुत्पादक क्षेत्रमा मात्रै महिलाहरुलाई सिमित गरिनुले आर्थिक रुपमा महिलाहरु कमजोर देखिन्छ । छोरीहरुको छिटो विवाह गरिदिनु, ढिलो विद्यालय पठाउनु र घरका कामकाजमा बढी व्यास्त राख्नुले महिलाहरु शैक्षिकरुपमा पछाडि रहेको याथर्थता सुनुवार समुदायमा पनि रहेको छ । जसका बाबजूद सुनुवार महिलाहरुले आफ्नो घरपरिवार तथा छरछिमेकमा हुने भेदभाव तथा हिंसाजन्य व्यवहारहरुबाट प्रताडित हुने गरेको छ । सुनुवार महिलामाथि हिंसा हुनुमा कुनै एउटामात्र कारण नभई बहुप्रकारको कारणहरु रहेको तालिका ५.२ ले देखाएको छ ।

हरेक विवाहिता सुनुवार महिला उत्तरदाताहरुले विभिन्न कारणले हिंसा सहनु परेको छ । यस्ता हिंसाका मुख्य कर्ता आफ्नै श्रीमान, सासू/ससूरा, जेठानी/देवरानी, नन्द/आमाजू आदि हुन् ।

**तालिका ५.२ : सुनुवार महिलामाथि हिंसा हुनुका प्रमुख कारणहरू र त्यसबाट प्रताडित्हरुको अवस्था**

| हिंसाका कारणहरू | प्रताडित हुनेहरुको संख्या र प्रतिशत | |
|---|---|---|
| | संख्या (३२) | प्रतिशत (१००.०) |
| जाँड रक्सीको बढी सेवन | २७ | ८४.३७ |
| गरिबी तथा कमजोर आर्थिक अवस्था | २१ | ६५.६२ |
| अशिक्षा | २० | ६२.५ |
| बहुविवाह | १२ | ३७.५ |
| बेरोजगारी | १० | ३१.२५ |

स्रोत : स्थलगत अध्ययन, २०६९

सुनुवार समुदायका महिलाहरु माथि हुने हिंसाका घटनाहरु हुनुका कारणहरूको खोजी गर्दा मुख्यरुपमा सुनुवार जातिमा 'जाँड रक्सीको अत्यधिक सेवन' नै प्रमुख कारण रहेको पाइन्छ (तालिका ५.२) । परम्परागतरुपमा नै सुनुवार जातिहरु जाँड रक्सीको प्रयोग गर्ने जाति हुन् । आफ्नो घर तथा गाउँ समुदायमा घरैपिच्छे प्रशस्तै जाँड रक्सीको प्रचलनले गर्दा पनि यसको सेवनकर्ताहरु बढी नै रहेका छन् भने जसले गर्दा कहिलेकाही अत्याधिक सेवनका कारण होहल्ला गर्ने र घरपरिवारमा झगडा निम्त्याउने कारण बन्ने गरेको महिलाहरु बताउछन् । जाँडरक्सीको सेवनकै कारण हुने हिंसाबाट कुल उत्तरदातामध्ये ८४.३७ प्रतिशत प्रभावित भएका छन् । त्यस्तै कूल उत्तरदातामध्ये ६५.६२ प्रतिशतले 'गरिबी तथा कमजोर आर्थिक अवस्था' भएका कारण झगडाको स्थिति उत्पन्न भई हिंसा सहन बाध्य भएको छ । सामूहिक भेला, तालिम, घरवाहिरको काम, आदिमा गएको मन नपराउने जस्ता कारणले पनि सुनुवार महिलामाथि हिंसा हुने गर्दछ । महिलाप्रतिको दृष्टिकोणमा परिवर्तन नहुदा, रुढिवादी चिन्तन एवं धारणा र अशिक्षाको आँडमा आफूहरुमाथि हिंसा हुने गरेको उत्तरदाता महिलाहरु बताउछन् । जुन ६२.५ प्रतिशतको हाराहारीमा रहेको पाइयो । समाजमा हुने 'बहुविवाह' (३७.५%) तथा 'बेरोजगारी' (३१.२५%) को कारणले पनि परिवारमा कलह निम्त्याई श्रीमान/श्रीमती बीच झगडा हुने

र त्यसबाट बढी जसो महिलाहरु पिडीत हुने गरेको छ । यस्ता विभिन्न कारणहरुले महिलामाथि हुने यस्ता हिंसाजन्य व्यवहारहरुले गर्दा अध्ययन क्षेत्रका सुनुवार महिलाहरुको स्थिति दयनिय रहेको छ भन्दा अत्यूक्ति हुने छैन ।

सुनुवार घरपरिवारमा भइरहने महिला हिंसाका घटनाहरुको विश्लेषण गर्दा महिलाहरू विभिन्न कारणबाट हिंसाका शिकार भएका छन् । जसमध्ये जाँडरक्सीको प्रयोग तथा सेवन नै हिंसाको एक प्रमुख कारण हो जुन बेरोजगारी र कुलतले गर्दा हुन्छ र यसले सामाजिक तथा आर्थिक समस्याहरु निम्त्याउछ । सुनुवार जातिमा पाहुना आउदा, कुलायन गर्दा, चाडपर्व तथा भोजभतेरमा अत्याधिक मात्रमा जाँड रक्सीको खपत हुने गर्दछ । यस्ता सामाजिक तथा सांस्कृतिक व्यवहारहरुलाई बेलैमा सुधार ल्याउनु सुनुवारहरु नै प्रयासरत हुनुपर्ने देखिन्छ ।

सुनुवार समाजमा तुलनात्मकरुपले महिला वर्ग नै पुरुष भन्दा बढी हिंसाको शिकार बन्ने गरेको पाइन्छ । सुनुवार महिलामाथि हुने हिंसामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि कारणहरू त्यति धेरै जिम्मेवार कारण नरहे पनि व्यक्तिगत हिसावले सासु/ससुराबाट बढी प्रताडित हुनुपरेको उत्तरदाताहरु बताउछन् । श्रीमान र सासूबाट हुने यस्ता व्यवहारहरुले आफ्नै नाता सम्बन्ध, तथा घरपरिवारका सदस्यहरूबाट शारीरिक, मानसिक तथा यौनसम्बन्धी यातना खेप्नु परेको दुखेसो महिलाहरुको छ । महिलालाई बोक्सीको आरोप लगाई कुटपिट तथा अमानवीय कार्य गर्ने, दाइजोको नाममा यातना, बालविवाह, बहुविवाह, खान लाउनमा विभेद आदि सांस्कृतिक चालचलन तथा कारणहरुले उनीहरुको आत्मा कमजोर हुने गरेको छलफलका सहभागीहरु बताउछन् । उल्लेखित हिंसाका कारणहरूलाई प्रश्रय दिने कार्य पितृसत्तात्मक समाजले गर्दै आएको भएता पनि समग्रमा सुनुवार जातिभित्र खासै ठूलो स्वरुपमा महिला हिंसाका घटनाहरु भने नभएको देखिन्छ । यसो हुनुका मूल कारण सुनुवार जातिमा महिलाहरुको हैसियत् पुरुष सरह नै भएको पनि उत्तरदाताहरु बताउछन् । परिवार वा छरछिमेकमा महिलामाथि हुने दुर्व्यवहार, कलह वा झै-झगडाहरुलाई कुनै व्यक्ति, परिवार वा छरछिमेकको सहारामा मिलाउने गरेको घटनाहरु पनि छलफलका सहभागीहरुले बताउने गरेका थियो ।

## ५.४ सुनुवार महिलाहरुले हिंसा सहनुको कारण

आफ्नो घरपरिवारमा हुने महिला हिंसाका घटनाहरु आफ्नै परिवारका सदस्यहरुबाट बढी हुने हुनाले यस्ता हिंसाका घटना वा झैझगडाहरु सहेर बस्नु बाहेक अर्को विकल्प नभएको पनि पाइन्छ । अध्ययन क्षेत्रका सुनुवार महिलाहरुले पनि यस्ता हिंसाजन्य व्यवहारहरुलाई विगत देखि नै सहदै आइरहेको छ । खासगरी आफ्नो वा परिवारको इज्जत जाने डर, घरपरिवार वा समाजबाट निकालिने डर, अशिक्षा, बालबच्चाको भविष्य र विवाह भएपछि आफ्नो परम्परा एवं संस्कृतिलाई निरन्तरता दिइरहनु पर्ने आदि कारणले महिलाहरु आफूमाथि हुने हिंसाजन्य व्यवहारहरु सहेरै बस्ने गरेको उदाहरणहरु समाजमा पर्याप्त रहेको पाउन सकिन्छ । जुन कुरा अरुणठाकुर गाउँका सुनुवार समुदायका महिलाहरुले पनि गर्दै र भोग्दै आएका छन् । अध्ययनको समयमा महिलाहरुमाथि हुने जघन्य हिंसालाई सहेर बस्नुपर्नु कारण के हो भनेर सोधिएको थियो । जुन कुरा तालिका ५.३ ले समेत प्रष्ट पारेको छ ।

**तालिका ५.३ : सुनुवार महिलाहरुले हिंसा सहेर बस्नुको मुख्य कारणहरु**

| हिंसा सहनुका कारणहरू | संख्या | प्रतिशत |
|---|---|---|
| इज्जत जाने डर | १० | ३१.२५ |
| समाजबाट निकालिने डर | ८ | २५.० |
| अशिक्षा | ६ | १८.७५ |
| घरबाट निकालिने डर | ६ | १८.७५ |
| अन्य (बच्चाको भविश्य, परम्परा तथा संस्कृतिलाई धान्नु पर्ने भएकोले) | २ | ६.२५ |
| जम्मा | ३२ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०६९

तालिका ५.३ अनुसार अध्ययन क्षेत्रका सुनुवार महिलाहरुले आफ्नो घरपरिवारमा हुने महिला हिंसाका घटनाहरु सहनुको पछाडि प्रमुख कारण आफ्नो र परिवारको 'इज्जत जाने डर' (३१.२५%) का कारण लोग्ने तथा परिवारका सदस्यबाट हुने हिंसाजन्य व्यवहारहरु सहेको बताए । त्यस्तै ८(२५.०%) जनाले 'समाजबाट निकालिने डर' का कारण सहन बाध्य भएको बताए भने १८.७५ प्रतिशतले 'अशिक्षा' को

कारणमा जोड दिए । हुन पनि सुनुवार महिलाहरुसँग आयआर्जनका लागि चाहिने ज्ञान तथा शीपको कमी रहेको पाइन्छ । यसरी महिलाहरुसँग पर्याप्त शीप नहुदा र पैतृक सम्पत्तिमा पुरुषको एकलौटी हकअधिकार हुदां उनीहरु पुरुषमाथि भर पर्नुपरेको छ । जसले गर्दा आफूमाथि हुने विभिन्न हिंसाजन्य व्यवहारहरु सहन गर्नु परेको स्पष्ट छ । त्यस्तै १८.७५ प्रतिशतले 'घरबाट निकलिने डर' का कारण हिंसा सहनुको विकल्प नभएको बताए । दुईजना अर्थात ६.२५ प्रतिशतले भने अन्य विभिन्न कारणहरु जस्तै बच्चाहरूको भविष्यका लागि, आफ्नो जातिको संस्कृति र परम्पराअनुसार चल्नुपर्ने भएकोले आफूमाथि हुने हिंसाजन्य व्यवहारहरु सहेको बताए ।

यसरी समग्रमा सुनुवार महिलाहरुले आफूमाथि हुने हिंसाजन्य व्यवहारहरु सहनुमा विविध कारणहरू जिम्मेवार रहेका छन् । एकातिर आफ्नै श्रीमान तथा परिवारकै सदस्यहरु मुख्य कर्ता भएकोले उनीहरु विरुद्ध कानुनी उपचार गर्न जादैनन् । सहयोगी संघसंस्थाहरुमा जानकारी दिंदा भोलीको भविश्य अनिश्चित हुने र सोही परिवारमै जीवन गुजार्नु पर्ने अवस्था आउने भएका कारण चुपचाप सहनु परेको अधिकाश छलफलका सहभागीहरुको भनाई छ । आफूमाथि भएको हिंसाको रिपोर्ट गर्दा कानुनले केही सहयोग त गर्छ, फेरि त्यही परिवारमा जीवन गुजार्नु वा बिताउनु पर्छ, जसले गर्दा पनि महिलाहरुमाथि भएको हिंसा प्रस्फुटन हुन सकेको छैन । त्यसैले गर्दा अध्ययन क्षेत्रअन्तर्गत अधिकांश सुनुवार महिलाले आफ्नो श्रीमान तथा परिवारका अन्य सदस्यबाट भएका कुटपिट तथा गालिगलौजका घटनामा उजुरीका लागि जानुपर्ने आवश्यकता पनि ठान्दैनन् र गरेका पनि छैनन् ।

सुनुवार महिलाहरुले हिंसा सहनुका अन्य कारणहरूमा अशिक्षा, चेतनाको अभाव, आफ्नो आयआर्जनको बाटो नभएकाले र बच्चाहरूको भविष्यका लागि बाध्यता वश पनि आफू माथि हुने दुर्व्यवहारहरु खुलेर भन्न नचाहेको अध्ययन अवधिमा प्रष्ट देखियो । यसका लागि उचित कानुन बन्न नसक्नु र भएका कानुन प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नुले पनि महिलाहरुले हिंसा सहेर बस्ने परिपाटी कायम रहेको देखिन्छ ।

यसरी व्यवहारिक रुपमा उत्तरदाता सुनुवार महिलाहरू जुन किसिमले पीडित बनेका छन् सोही अनुरुप जानकारी दिन हिच्किचाहट भएको पनि पाइएको छ । मुख्य सूचनादाताहरूले, यसो हुनाका कारण

कानुनी चेतनाको अभाव, शिक्षाको अभाव, प्रभावकारी रुपमा उपचार पाइन्छ भन्ने जनविश्वासको कमी, अन्याय सहेर बस्ने कमजोर मानसिकता, सामाजिक मान्यता, पितृसत्तात्मक  परिपाटी, आफ्नो अधिकारप्रति उदाशिनता, र सरल र सुलभ रुपमा उपचार प्राप्त नहुने अवस्थालाई प्रमुख ठान्दछन् ।

## अध्याय-छ

# सारांश तथा निष्कर्ष

### ६.१ सारांश

नेपाल सदियौदेखि पितृसत्तात्मक संरचनामा हुर्किदै आएको हुनाले सम्पुर्ण महिला जगत्ले शोषण, दमन, यातना तथा हिंसाजन्य पिडाहरूलाई भोग्दै र सहदै आउनु पर्ने बाध्यता र विवशताले गर्दा पनि महिला हिंसाको अन्त्य हुन सकेको छैन । यसैले महिला हक हित र अधिकारको सुनिश्चितता ग्यारेन्टी मात्र नभई व्यवहारमा लागू गर्नैपर्छ अनि मात्र सभ्य र सुसूचित समाजको निर्माण हुन सक्छ यस कुरामा कसैको पनि दुईमत पाउन सकिदैन । कानुन बन्नुपर्छ तर कानुन बन्नु मात्र पर्याप्त हुँदैन जसबम्म त्यो कानुनको कार्यान्वयन हुँदैन, आज महिला र पुरुषबीच भइरहेको दुरीको खाडल मेट्दै , महिला भएकै कारणले भोग्नु परेको हिंसाको उन्मुलन गर्दै विकासको मूल प्रवाहमा महिलाको सहभागिता गराउनै पर्छ अनि मात्र एउटा सभ्य समाजको कल्पना गर्न सकिन्छ ।

यसैले महिला माथि भएको हिंसा शारीरिक यातना मात्र होइन, मानसिक, धार्मिक, कानुनीरुपमा भएको यातनालाई पनि महिलामाथिको हिंसा मान्नुपर्ने हुन्छ । खासगरी यस अध्ययनको मुख्य उद्देश्य भनेको सुनुवार जातिका महिलाहरूमाथि हुने हिंसाको प्रकार र कारणहरुको खोजी गर्नु नै हो । उनीहरूको सामाजिक, आर्थिक पृष्ठभूमिमा हुने घरेलु हिंसा, हिंसाको प्रकार र कारणहरुलाई यस अध्ययनमा समीक्षा गरिएको छ ।

यस अध्ययनका लागि अध्ययन क्षेत्रको रुपमा सिन्धुली जिल्लाको अरुणठाकुर गाविसलाई छनौट गरिएको थियो । उक्त गाविसमा रहेका वडाहरु मध्ये २ नं वडामा रहेका कुल १३१ घरधुरीबाट सुनुवार जातिका ३२ घरधुरीलाई मात्र घरधुरी उत्तरदाताको लागि स्वविवेकीय नमुना छनौट विधिबाट छनौट गरिएको थियो । प्रत्येक घरधुरीबाट विवाहित महिलालाई मात्र उत्तरदाताको रुपमा छानी प्रश्नावली सुची अनुरुपको अन्तर्वार्ता गरिएको छ । महिला हिंसाका प्रकार र कारणलाई जान्न समूह छलफल, जानकार व्यक्तिसँगको अन्तरवार्ता र अवलोकन विधिलाई समेत जोड दिई अध्ययन गरिएको छ ।

अध्ययनका क्रममा आवश्यक तथ्याङ्क संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ भने तथ्याङ्कीय स्वरुप भने गुणात्मक तथा मात्रात्मक दुवै रहेको छ ।

कुल ३२ घरधुरीबाट छानिएको महिला उत्तरदाताहरूको उमेरगत अवस्थालाई हेर्दा सबैभन्दा बढि २०-५९ वर्ष उमेर समूहका ६५.६२ प्रतिशत रहेका छन् भने सबैभन्दा कम १९ वर्ष भन्दा मुनिका १२.५ प्रतिशत मात्र रहेका छन् । त्यस्तै ४३.७५ प्रतिशत उत्तरदाताहरुको १९ बर्षभन्दा कम उमेरमा विवाह भएको देखिन्छ । अधिकांश महिलाहरुको विवाह सानै उमेरमा हुनुमा कमजोर आर्थिक अवस्था र शैक्षिक चेतनाका अभाव रहनुलाई मुख्य कारण मानेका छन् ।

५६.२५ प्रतिशत उत्तरदाताहरु संयुक्त पारिवारिक ढाँचामा रही बस्ने गरेको पाइन्छ भने बाँकी एकात्मक पारिवारिक ढाँचामा रहेका छन् ।

उत्तरदाताहरुको शैक्षिक अवस्थालाई विश्लेषण गरिदा ९३.७५ प्रतिशत साक्षर रहेको थियो भने बाँकी निरक्षर रहेका छन् । जसमा उच्च माध्यमिक तहको शिक्षा पुरा गर्नेहरु ६.२५ प्रतिशत मात्र रहेको छ । सुनुवार महिला उत्तरदाताहरुको शैक्षिक स्थिति भने तुलनात्मक रुपमा बिद्यालय तहसम्मको देखिन्छ । समग्रमा औपचारिक शिक्षा हासिल गरेका सुनुवार महिलाको संख्या भने बढी छ ।

४६.८७ प्रतिशत उत्तरदाताहरुको मुख्य पेशा कृषि रहेको छ । त्यस्तै २५.० प्रतिशत ज्यालामजदुरी, १२.५ प्रतिशत जागिर र घरायसी काम, ३.१२ प्रतिशत व्यापार र ६.२५ प्रतिशतले स्थानीय क्षेत्रको विकास कार्यमा संलग्न रहेका छन् । धेरैजसो उत्तरदाताहरुको आयअर्जनको माध्यम पनि कृषि नै देखिन्छ । कृषि कार्यका लागि बढिमा सरदर तीन बिगाहासम्म जमिन हुनेहरु रहेका छन् भने थारै हुनेहरुको पनि १५ कठ्ठासम्म हुनेहरु रहेको पाइयो ।

त्यसैगरी उत्तरदाताहरुको जग्गाजमिनको स्वामित्वलाई हेर्दा ११(३४.३७%) जना महिला उत्तरदाताहरुसँग आफ्नै नाममा केही जग्गाजमिन रहेका छन् । जीविकोपार्जनका लागि अंगालेका पेशा र आफुसँग भएको जग्गाजमिनबाट बार्षिक खाद्यन्न पर्याप्तता छ/छैन भन्ने कुरालाई समेत हेरिएको थियो ।

जस्मध्ये १४ घरधुरी उत्तरदातालाई मात्र आफु र आफ्नो जग्गाको उब्जनीले बाह्रै महिनासम्म धान्न सक्ने पाइयो भने १० घरधुरी उत्तरदाताहरुलाई बेचबिखन गरी आम्दानी गर्न समेत पुगेको पाइन्छ । बाँकी ८ घरधुरी उत्तरदाताहरुलाई भने १-६ महिनासम्म मात्र पुग्ने देखिन्छ । उनीहरुले स्थानीय तहमा ज्याला मजदुरी गर्ने गरेको पाइन्छ ।

अध्ययन क्षेत्रभित्रका शतप्रतिशत महिलाहरुले महिलामाथि हुने हिंसा तथा दुर्व्यवहारहरुलाई कुनै न कुनै ढंगबाट राम्ररी नै बुझेका छन् । सीपमूलक तालिमले मात्र आयआर्जनको बाटो खोलिदिने र महिलामा आत्मविश्वास बढ्न सक्ने भएकोले महिलाहरु हिंसा सहेर नबस्ने धारणा शतप्रतिशत उत्तरदाताहरुको रहेको छ ।

शतप्रतिशत उत्तरदाताहरुले हिंसा सबैको लागि खराव हुने कुरा बताए भने विद्यमान लैङ्गिक धारणाहरू हटाउने र लैङ्गिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रमले मात्र हिंसालाई केही कम गर्न सक्ने धारणा उत्तरदाताहरूको रहेको छ ।

अधिकांश सुनुवार महिलाहरू श्रीमान र परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । श्रीमानले अत्याधिक रक्सी सेवन गरी श्रीमतीलाई शारीरिक र मानसिक दुवै यातना दिएका उत्तरदाताहरुले बताए ।

सुनुवार महिलाहरुको भनाईलाई लिंदा उनीहरु एउटामात्रै हिंसाबाट नभई कम्तीमा २/४ वटा हिंसाका घटनाहरुबाट पिडित् रहेका पाइन्छ । सबैभन्दा बढि ६३.७५ प्रतिशतले गालीगलौजका घटना सबैभन्दा बढी भएका बताए भने ५०.० प्रतिशत जति यौन दुर्व्यवहारजन्य हिंसा रहेका छन् । हिंसाको रुपमा कुटपिट भने ३७.५ प्रतिशत, यौन शोषणजन्य व्यवहार ३४.३७ प्रतिशत, गर्भपतन जन्य हिंसा २५.० प्रतिशत र अन्य सामन्य प्रकारका हिंसाहरु भने १८.७५ प्रतिशत रहेको पाइयो ।

महिला माथि हिंसा हुनुमा मुख्य कारणहरू भने अत्याधिक जाँड रक्सीको ८४.३७% रहेको छ । त्यस्तै ६५.६२ प्रतिशत गरिबी, ६२.५ प्रतिशत अशिक्षा, ३७.५ प्रतिशत बहुविवाह, ३१.२५% बेरोजगार रहेको पाइयो ।

सुनुवार महिलामाथि हुने हिंसामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि कारणहरू त्यति जिम्मेवार नरहे पनि व्यक्तिगत हिसावले सासु/ससुराबाट बढि प्रताडित हुनुपरेको उत्तरदाताहरुले बताए । समग्रमा सुनुवार जातिभित्र खासै ठूलो स्वरुपमा महिला हिंसाका घटनाहरु भने नभएको देखिन्छ । यसो हुनुमा सुनुवार जातिमा महिलाहरुको हैसियत् पुरुष सरह नै भएको अधिकांश उत्तरदाताहरु पनि सहमत रहेको देखिन्छ ।

यसरी महिलाहरुले हिंसा सहनुको कारणहरु भने ३१.२५% उत्तरदाताहरुले आफ्नो र परिवारको इज्जत जाने डरका कारण हिंसाजन्य व्यवहार सहेको बताए । त्यस्तै २५.०% ले समाजबाट निकालिने डर, १८.७५ प्रतिशत अशिक्षाको कारण, १८.७५ प्रतिशत घरबाट निकलिने डरका कारण हिंसा सहनु परेको कुरा खुलाए भने बाँकी ६.२५ प्रतिशतले भने बच्चाहरूको भविष्यका लागि, संस्कृति र परम्परा अनुसार चल्नुपर्ने भएकोले कारणलाई बताए ।

## ६.२ निष्कर्ष

नेपाल एक ग्रामीण कृषि अर्थतन्त्रमा आधारित राष्ट्र हो, यहाँका झण्डै ८१ प्रतिशत जनताले कृषिलाई जीवनयापनको प्रमुख माध्यम बनाएका छन् भने यस अध्ययन स्थलमा पनि पेशाको रुपमा कृषि, जागिर, व्यापार, मजदुरी आदि गरी घरपरिवार चलाउन महिला पुरुष दुवैको सक्रिय योगदान रहेको छ । यहाँका सुनुवार महिलाहरू महिलामाथि हुने हिंसाका घटनालाई सामान्य रुपमा लिने गरेको भएता पनि अन्य छरछिमेक तथा परिवारहरुले थाहा पाउने पो हुन् कि भन्ने मनस्थितिमा रहेको देखिन्छ । शिक्षा र चेतनाको अभाव, बालबच्चाको भविष्य र श्रीमानको दवावले गर्दा हिंसा सहने बानी परेको अधिकांश महिलाहरुमा देखिन्छ ।

घरेलु हिंसाबाट पीडित (हिंसाको शिकार बनेका) सुनुवार महिलाहरू कानुनी उपचारका लागि प्रहरी वा कुनै संघसंगठनमा उजुरी गर्नु भनेको थप हिंसाको शिकार बन्नु हो भन्ने कुरालाई राम्ररी बुझेका कारण कानुनी उपचारको खोजी नगरेको पाइन्छ । कमजोर शिक्षा, जिविकोपार्जनका लागि सीप नहुदा फेरि सोही परिवारमा नै जीवन गुजार्नु पर्ने बाध्यताले पनि सुनुवार महिलाहरुले हिंसाको उजुरी गर्न नचाहेको देखिन्छ भने अर्कोतिर महिलासम्बन्धी उजुरी सुन्ने कानुनी निकायको समेत अभाव रहेको छ । खासगरी श्रीमान र सासुबाट विवाहित महिलाहरु बढी पिडित् हुने गरेको छ । विपन्न वा उच्च परिवार जे भए पनि हरेक घरपरिवारमा रहेका महिलाहरु कुनै न कुनै प्रकारको घरेलु भेदभाव एवं दुर्व्यवहारहरुबाट प्रभावित भएको देखिन्छ भने बढी जसो गालीगलौज र मानसिक यातनाजन्य हिंसाहरु हुने गरेको अध्ययन क्षेत्रका अधिकांशको भनाई रहेको छ ।

खास गरी विकृतिका रुपमा रहेको जाँड रक्सी जस्ता मादक पदार्थको अत्यधिक सेवन नै महिलामाथि हुने हिंसाको कारणको रुपमा देखिएको छ । सुनुवार समुदायमा जाँडरक्सी बिनाको घरपरिवारको कल्पना समेत गर्न नसकिने परम्परागत मान्यता एवं चालचलनले गर्दा यस्तो समस्या निम्तने गर्दछ । अधिकांश सुनुवार महिलाहरुको सामाजिक तथा आर्थिक हैसियत घरमूली तथा पुरुष सरहको भए पनि परिवारका सदस्यहरुबाट हुने अपमान एवं हिंसाजन्य व्यवहारहरुलाई सहेर बस्नु परेको याथर्ता देखिन्छन् । यसरी सहेर बस्नुमा भने आफ्नो मान, इज्जत, आयआर्जनको बाटो नभएकोले, अशिक्षा, बच्चाहरूको भविष्य र आफ्नो संस्कृति तथा परम्परालाई धान्नु पर्ने भएको कारण रहेको देखिन्छ ।

# सन्दर्भसामग्री


अधिकारी, प्रकाश (२०५६): ***"सुखको आस र एच.आइ.भी. ग्रसित पतिसंगको सहवास"***. प्रत्युष वन्त, शोभा गौतम र अमृता बास्कोटाद्वारा संपादितः छापामा महिला, नेपाल प्रेस इन्स्टिच्यूट, काठमाण्डौ ।

अन्तरिम संविधान, (२०६३): ***नेपालको आन्तरिम संविधान, २०६३,*** नेपाल सरकार कानुन किताव व्यवस्था समिति, काठमाडौं, नेपाल ।

थापा, नैनकला र सपना प्रधान-मल्ल, (२०६५): ***'महिला अधिकार',*** राष्ट्रिय महिला आयोग, फागुन, २०६५ ।

थापा, सुरजराज, (२०६५): ***"नेपालमा महिला विरुद्ध हुने हिंसा र कानुनी पक्ष",*** राष्ट्रिय महिला आयोग, फागुन, २०६५ ।

नेपाल अधिराज्यको संविधान, (२०४७): ***नेपाल अधिराज्यको संविधान, २०४७,*** श्री ५ को सरकार कानुन न्याय तथा संसदिय व्यवस्था मन्त्रालय, कानुन किताव व्यवस्था समिति, काठमाडौं नेपाल ।

पाण्डे, रोजिना, (२०६४): ***'सकसपूर्ण सम्बन्धहरू',*** दृष्टि प्रकाशन, ८ साउन, काठमाडौं २०६४ ।

पौड्याल, वीणा, (२०६७): ***विविध आयाममा नेपाली महिला*** । काठमाण्डौंः पैरवी बुक हाउस ।

महिला, कानुन र विकास मञ्च, (२०५९): ***घरेलु हिंसाविरुद्धको कानुनसम्वन्धि जानकारी पुस्तिका ।*** थापाथली, काठमाडौं नेपाल ।

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, (१९९८) : ***'बालबालिका बेचविखान विरुद्धको राष्ट्रिय कार्ययोजना',*** महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, काठमाडौं नेपाल ।

रापचा, लाल-श्याँकारेलु, (२००९) : ***नेपालको आदिवासी किराँती जाति सेरोफेरोः ओल्लो, माझ र पल्लो किराँत,*** किराँत विज्ञान अध्ययन संस्थान, काठमाण्डौ, नेपाल ।

रोका, हरि, (२०६५): *"महिला अधिकार र वर्तमानमा महिलाको स्थिति"* राष्ट्रिय महिला आयोग, फागुन , २०६५ ।

लुगुन, अन्जनी, उत्तम कातिचा, अतित मुखिया, र लालश्याकारेलु रापचा, (२०६८): ***'किराँती-कोँइच (सुनुवार) जातिको चिनारी',*** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, जावलाखेल, ललितपुर, नेपाल र सुनुवार सेवा समाज, केन्द्रीय समिति, काठमाण्डौं ।

Beijing Declaration, (1995): ***Beijing Declaration and Platform for Action:*** Fourth world Conference on Women, September, 1995

Bennett, Lynn, (1983): ***Dangerous Wives and Sacred Sister: Social and symbolic roles of High Caste Woman in Nepal,*** *Columbia University Press*

Bhasin, Kamala, (1993) : ***Understanding Gender*****:** Kali for Women, New Delhi

Census, (2001) : ***"Literacy Status of Female Population of Nepal",*** Central Bureau of Statistics, Kathmandu, Government of Nepal

LACC (2007) : ***Conflict and Violence against Women,*** Legal Aid Consultancy Center (LACC), Lalitpur, 2007

Pauline, BartB, (1991) : ***Feminist Theories*** Etzkowitz, Henry & Glsssman M. Ronald editions

Ritzer, George, (1996) : ***Modern Sociological Theory,*** New Delhi, McGraw Hill Company New Delhi

UN, (1995) : ***Beijing Plat From for Action,*** United Nation, New York

UNDP, (2001) : ***Human Development Report*** **(2001),** Kathmandu *Nepal*

UNICEF, (2006) : ***Situation-Analysis of Women & Children in Kathmandu: A Country Report, Nepal***

Village Development
Profile (2067) : *Arun Thakur Village Development Profile, 2067,* Office of the Arun Thakur VDC, Sindhuli District

Word Bank, (1993) : ***The World Bank,*** Washington DC

## अनुसूची-१

## 'घरधुरी सर्वेक्षणका लागि तयार पारिएको प्रश्नावली'

**(खण्ड- क)**

**उत्तरदाताहरुको व्यक्तिगत एवं पारिवारिक विवरणः**

अन्तरवार्ता मिति :

घरधुरी सि.नं :

१. उत्तरदाताको नाम थर :

लिङ्ग :

उमेर :

वैवाहिक उमेरः

प्रमुख व्यवसाय/पेसा :

धर्म :

शैक्षिक तह :

२. उत्तरदाताको पारिवारिक पृष्ठभूमि :

| क.स | परिवारका सदस्यहरुको नाम | उमेर | लिङ्ग | पेसा | वैवाहिक स्थिति | शिक्षा | सम्बन्ध |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| | | | | | | | |

३. तपाईले विवाह कुन उमेरमा गर्नु भएको थियो ?

................................

४. तपाईको आम्दानीको मुख्य स्रोतहरु के के हो ?

...................................

५. हाल तपाई वा तपाईको घरपरिवारसँग के कति जग्गाजमिन रहेको छ ?

६. के तपाईको नाममा पनि केही जमिन छ ?

७. के तपाईको आफ्नो पेशा र जग्गाजमिनको उब्जनी परिवारको लागि आयआर्जन र बार्षिक खाद्यान्नको लागि पर्याप्त छ ?

...................................

८. घरायसी काममा परिवारका सदस्यहरुमध्ये कस्ले निर्णयमा महत्वपूर्ण भूमिका खेल्दछ ?

......................................

९. सुनुवार जातिको सामासजक तथा सांस्कृतिक पक्षका बारेमा केही बताइदिनु हुन्छ की ?

**(खण्ड-ख)**

**महिला हिंसासम्बन्धी प्रश्नावली**

१. तपाईको श्रीमानले तपाईप्रति गरिने व्यवहार के कस्तो रुपमा अनुभव गर्नुभएको छ ?

१) राम्रो २) नराम्रो ३) ठीकै

२. के तपाई र तपाईको घर वरिपरिका परिवार वा छरछिमेकमा झैझगडा हुने गरेको छ ?

१) छ २) छैन

३. यदि छ भने के कति कारणले झगडाको स्थिति उत्पन्न हुने गरेका देख्नुहुन्छ ?

...................................

४. के तपाईले पनि कसैबाट कुनै झैझगडा सहनुपरेको छ ?

१) छ २) छैन

५. यदि छ भने को बाट र के कस्तो खाले घटनाहरु भएका छन् ?

..............

६. तपाइको विचारमा महिला हिंसालाई कसरी बुझ्ने गर्नुहुन्छ ?

................

७. खास गरी महिलामाथि हुने घरेलु हिंसाको स्वरुप एवं प्रकारहरु के कस्तो रहेको छ ? (बहुउत्तर)

१) गालीगलौज २) यौन दुर्व्यवहार

३) यौनशोषण ४) शारीरिक यातना एवं कुटपिट

५) बहुविवाह ६) वैवाहिक बलात्कार

७) चेलीबेटी बेचबिखन ८) बोक्सीको आरोप

८. यी यस्ता हिंसाका घटनाहरुलाई नियन्त्रण गर्न के गर्न सकिन्छ ?

....................................

९. के यस्तो हिंसा कानुनी रुपमा दण्डनीय छ ?

१) छ २) छैन ३) थाहा छैन

१०. घरेलु हिंसाबाट पीडित महिलालाई सुरक्षा गर्ने कुनै सङ्गठन छ ?

१) छ २) छैन

११. यदि छ भने कहाँ र कुन सङ्गठन हो ?

....................................

१२. खास गरी तपाईप्रति गरिने घरेलु हिंसा कुन बेला हुने गर्दछ ?

१) मादक पदार्थ सेवन गरेपछि २) जुवा/तास खेलपछि ३) अन्य

१३. तपाईप्रति भएको हिंसा सम्बन्धमा तपाईले कुनै निकायलाई जानकारी दिनु भएको छ?

१) छ २) छैन

१४. यदि छैन भने किन ?

१) आफ्नो इज्जत जाने डर २) समाजबाट निकालिने डर

३) घरबाट निकालिने डर ४) अन्य

१५. तपाईको विचारमा हिंसाका कारणहरू के के हुन् (बहुउत्तर) ?

.............................................

१६. घरेलु हिंसासम्बन्धी घटनाहरूको विवरण दिन महिलाहरूलाई के कुराले रोकेको छ ?

१) शिक्षाको कमी र अस्विकार २) सामाजिक दवाव

३) आर्थिक कारण ४) पुरुष दवाव

५) संस्कृति र परम्परा ६) अन्य कारण


## अनुसुची-२

## (समूह छलफल एवं जानकार व्यक्तिहरुलाई सोधिएको चेकलिष्ट प्रश्नावलीहरु)

सहभागिहरुको नाम र थर :

- यस वडामा मुख्य गरी कुन कुन जातिको बसोबास रहेको छ ?
- सुनुवार जातिको आम्दानीको स्रोतहरु के के रहेका छन् ? खास गरी सुनुवार जातिका घरपरिवारमा महिलामाथि हिंसा हुने गरेको छ छैन ? यदि छ भने उनीहरुले आफ्नो घरपरिवारमा के कस्ता प्रकारका महिला हिंसाहरु सहनु परेको छ ?
- सुनुवार जातिको घरायसी काममा परिवारका सदस्यहरुमध्ये कस्ले निर्णायक भूमिका खेल्दछ ?
- तपाईहरुले महिलाप्रति गरिने व्यवहारहरुलाई के कस्तो रुपमा अनुभव गर्नुभएको छ ?
- के तपाई र तपाईहरुको घर वरिपरिका परिवार वा छरछिमेकमा झैझगडा हुने गरेको छ ? यदि छ भने के कति कारणले झगडाको स्थिति उत्पन्न हुने गरेका देख्नुहुन्छ ?
- त्यस्ता घटनाहरुमा के कस्तो खाले दुर्घटनाहरु भएका छन् ? र तपाईहरुको विचारमा महिला हिंसालाई कसरी बुझ्ने गर्नुहुन्छ ?
- खास गरी महिलामाथि हुने घरेलु हिंसाको स्वरुप एवं प्रकारहरु के कस्तो रहेको छ ? र यी यस्ता हिंसाका घटनाहरुलाई नियन्त्रण गर्न के गर्न सकिन्छ ?
- तपाईहरुको गाउँ छिमेकमा घरेलु हिंसाबाट पीडित महिलालाई सुरक्षा गर्ने कुनै सङ्गठन छ ? यदि छ भने कहाँ र कुन सङ्गठन हो ? र त्यस संगठनले के गरेको छ ?
- के तपाईले भएको हिंसा सम्बन्धमा कुनै निकायलाई जानकारी दिनु भएको छ ? यदि छैन भने किन ?
- तपाईहरुको विचारमा हिंसाका कारणहरू के के हुन् ? र घरेलु हिंसासम्बन्धी घटनाहरूको विवरण दिन महिलाहरूलाई के कुराले रोकेको छ ?

## अनुसुची-३
## अरुणठाकुर गाविसको नक्सा




धन्यवाद